
पुस - २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| | | |
|---|---|---|
| वर्ष २४, अङ्क १८ | २०७२, पुस १६–३० | पूर्णाङ्क ५६४ |


प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोद यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्द नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ५ |
| संयुक्त इजलास | ९ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | १२ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ८ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ७ | ४ |
| एकल इजलास | ५ |
| रीत/बेरीत आदेश | ६ |
| अन्तरिम आदेश | ३ |
| जम्मा | ६३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, पुस – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-५** |
| १. | उत्प्रेषण / परमादेश | अधिवक्ता सन्तोष भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण / परमादेश | अधिवक्ता विनितकुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ३. | उत्प्रेषण / परमादेश | सुशीलदत्त मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण | प्रकाशजङ्ग कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | उत्प्रेषण / प्रतिषेध / परमादेश | रामचन्द्र सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **५-१३** |
| ६. | उत्प्रेषण / परमादेश | डा. मायाकुमारी शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ७. | उत्प्रेषण | सूर्यनाथ यादवसमेत वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालयसमेत | |
| ८. | उत्प्रेषण / परमादेश | दीपकुमार डि.सी. वि. ग्लोबल आइएमइ बैंक लिमिटड कर्पोरेट अफिस पानीपोखरी, काठमाडौंसमेत | |
| ९. | जग्गा दर्ता | मालपोत कार्यालय, कास्की वि. तिलककुमारी थापाको मु.स. गर्ने गुन्जबहादुर थापा | |
| १०. | लिखत बदर | कुंजबहादुर राणाको मु.स. गर्ने प्रद्युम्न राणासमेत वि. अच्युत शमशेर ज.ब.रा.समेत | |
| ११. | लिखत दर्ता बदर | ममता न्यौपाने वि. मेनका भट्टराई (तिवारी) | |
| १२. | परमादेश | सुरेशकुमार मुडभरी वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | |
| १३. | बन्दी प्रत्यक्षीकरण | हरिशरण सुनार वि. दाङ देउखुरी जिल्ला अदालतसमेत | |
| १४. | बन्दी प्रत्यक्षीकरण | पार्वती गुरूङ वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | **१३-१५** |
| १५. | बन्दी प्रत्यक्षीकरण | कुमार तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा, सिन्धुपाल्चोकसमेत | |

| | | |
|---|---|---|
| १६. | बन्दी प्रत्यक्षीकरण | कोकिलबहादुर शाही वि. काठमाडौं जिल्ला अदालतसमेत |
| १७. | अदालतको मानहानी | दिनेश त्रिपाठी वि. एकिकृत नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) समेत |
| १८. | फैसला बदर | राष्ट्रिय वाणिज्य बैङ्क मुख्य शाखा कार्यालय, काठमाडौं वि. लालप्रसाद श्रेष्ठसमेत |
| **इजलास नं. २** | | **१६-१७** |
| १९. | कर्तव्य ज्यान | प्रदीप थापा वि. नेपाल सरकार |
| २०. | कर्तव्य ज्यान | विष्णुबहादुर पोडेसमेत वि. तुलसीप्रसाद सुवालको जाहेरीले नेपाल सरकार |
| **इजलास नं. ३** | | **१७-२५** |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सम्झना सुनुवार |
| २२. | परमादेश | असारमायाँ राई वि. मालपोत कार्यालय उदयपुर, गाइघाट |
| २३. | परमादेश | हरिकुमारी भुजेल वि. जिल्ला मालपोत कार्यालय उदयपुर, गाइघाट |
| २४. | निषेधाज्ञा | जगदीशप्रसाद राढ वि. हनुमानप्रसाद राढसमेत |
| २५. | मोही लगत कट्टा | लक्ष्मीकुमारी ढकाल वि. चुण्डा सोरेन सतार |
| २६. | अदालतको अपहेलना | रामजी भन्ने गंगाबहादुर पन्तसमेत वि. मालपोत कार्यालय, बारा, कलैयासमेत |
| २७. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | बिमलप्रसाद बराल वि. प्रो.गुलावप्रसाद चौरासिया |
| २८. | उत्प्रेषण | तेजबहादुर महत वि. नेपाल बङ्गलादेश बैंक लिमिटेड, नेपालगञ्जसमेत |
| २९. | उत्प्रेषण | डिलबहादुर कार्की वि. पुनरावेदन अदालत, बागलुङसमेत |
| ३०. | उत्प्रेषण | डिलबहादुर कार्की वि. पुनरावेदन अदालत, बागलुङसमेत |
| ३१. | उत्प्रेषण / प्रतिषेध / परमादेश | अधिवक्ता विष्णुप्रसाद तिमिल्सिना वि. नेपाल विद्युत् प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत |
| ३२. | कर्तव्य ज्यान | कमल तामाङ वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२५-२७** |
| ३३. | लागु औषध खैरो हेरोइन | शेखरकुमार सोनी वि. नेपाल सरकार |
| ३४. | अंश नामसारी | पर्शुराम अहिर यादवसमेत वि. श्रीराम अहिरको मु.स. गर्ने श्रीमती नेवाती अहिरनीसमेत |
| ३५. | उत्प्रेषण / परमादेश | तेजबहादुर खड्का वि. मध्यमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेतसमेत |

| इजलास नं. ५ | | | २७-३२ |
|---|---|---|---|
| ३६. | कर्तव्य ज्यान | सन्तोषकुमार मौर्यको जाहेरीले नेपाल सरकार वि. ओदे लोनिया | |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिनेश परियारसमेत | |
| ३८. | जग्गा खिचोला चलन | जीतबहादुर तामाङसमेत वि. वीरबहादुर तामाङ | |
| ३९. | परमादेश | इन्द्रमाया कपालीसमेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयसमेत | |
| ४०. | उत्प्रेषण | कमलबहादुर रानाभाट वि. राजेन्द्रमणी पौडेल | |
| ४१. | जग्गा बन्डा गरी दा.खा. नामसारी | हिरामती चमाइन मरीको मु.स.गर्ने जोखु चमार वि. श्रीकान्त हरिजन | |
| ४२. | बन्दी प्रत्यक्षीकरण | सलीमा भन्ने सलीम जोलाह (अन्सारी) वि. श्री जिल्ला प्रहरी कार्यालय, बाँके नेपालगञ्जसमेत | |
| ४३. | अदालतको अपहेलना | डा. देवकला भण्डारी वि. खगराज अधिकारी, माननीय मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | |

| इजलास नं. ६ | | | ३३ |
|---|---|---|---|
| ४४. | अंश नामसारी | सोना गडेरिया वि. अकाली गडेरियासमेत | |
| **इजलास नं.७** | | | **३३-३६** |
| ४५. | भ्रष्टाचार | दिनेशकुमार राउत वि. नेपाल सरकार | |
| ४६. | भ्रष्टाचार | नवलसिंह गुरूङ वि. अख्तियार नेपाल सरकार | |
| ४७. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | हरिप्रसाद दमासे वि. नेपाल सरकार | |
| **एकल इजलास** | | | **३६-४०** |
| ४८. | उत्प्रेषण / परमादेश | श्रीराम गौतम वि. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत | |
| ४९. | उत्प्रेषण / परमादेश | दण्डवीर लिम्बु वि. त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाडौंसमेत | |
| ५०. | उत्प्रेषण / परमादेश | रविन्द्र अवाले वि. नारायणबहादुर कार्कीसमेत | |
| ५१. | उत्प्रेषण / परमादेश | अधिवक्ता दीपक विक्रम मिश्र वि. न्याय परिषद् सचिवालय, कुपण्डोल ललितपुरसमेत | |
| ५२. | उत्प्रेषण / परमादेश | देविन्द्र महर्जनसमेत वि. मालपोत कार्यालय, कलङ्कीसमेत | |

| | | |
|---|---|---|
| **रीत / बेरीत आदेश** | | **४०-४१** |
| ५३. | लागु औषध | देवीलाल गिरीसमेत वि. नेपाल सरकार |
| ५४. | कर्तव्य ज्यान | डम्बरबहादुर शाह वि. नेपाल सरकार |
| ५५. | वैदेशिक रोजगार | अप्सरा श्रेष्ठ वि. नेपाल सरकार |
| ५६. | कर्तव्य ज्यान | गुड्डु गोइत वि. नेपाल सरकार |
| ५७. | अपहरण तथा शरीर बन्धक | मिलन श्रेष्ठ वि. नेपाल सरकार |
| ५८. | निषेधाज्ञा | सन्तोषकुमार प्रधान वि. नेपाल विद्युत् प्राधिकरण, दरबारमार्ग काठमाडौंसमेत |
| **अन्तरिम आदेश** | | **४१** |
| ५९. | उत्प्रेषण | मोहन विक्रम पोखरेल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत |
| ६०. | उत्प्रेषण | मु.स. गर्ने बन्देज घिमिरे वि. काठमाडौं जिल्ला अदालतसमेत |
| ६१. | परमादेश | बालजी पाण्डेयसमेत वि. नेपाल सरकार |
| **अदालत गतिविधि** | | **४२-४४** |

**विशेष इजलास**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WS-००३२, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ नक्सालमा अवस्थित नेपाल बाल सङ्गठनको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत अधिवक्ता सन्तोष भट्टराईसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

धर्मपुत्र धर्मपुत्रीको ११ नं. को व्यवस्थाले धर्मपुत्र धर्मपुत्री राख्ने र बस्ने दुवै पक्षले एकअर्काप्रति पूरा गर्नुपर्ने जिम्मेवारी किटान गरेको हुँदा उक्त कानूनी व्यवस्थालाई अनुचित मान्न मिल्दैन । धर्मपुत्र तथा धर्मपुत्रीले आफूलाई धर्मपुत्र धर्मपुत्री राख्नेउपर पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्थामा सोबाट धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको अधिकारमा पुग्न जाने असर वा क्षतिलाई समेत अनदेखा गर्न नमिल्ने ।

समानताको हक समानहरूको लागि लागू हुने हो । असमानहरूका बिचमा समानताको हक निरपेक्षरूपमा लागू नहुने कुरा सर्वमान्य सिद्धान्त नै हो । संविधानको धारा १३ ले प्रत्याभूत गरेको समानताको हक समान अवस्था र हैसियत भएका नागरिकहरूका बिचमा असमान व्यवहार गरिएको अवस्थामा आकर्षित हुने हो । उक्त सिद्धान्तलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले पनि आत्मसात गरेको छ । धर्मपुत्र धर्मपुत्री राख्ने बाबु आमासँग कानूनद्वारा सम्बन्ध स्थापित भएका धर्मपुत्र धर्मपुत्री र जन्मदिने बाबु आमासँग प्राकृतिक सम्बन्ध भएका सन्तान अर्थात् छोराछोरीहरू समान मान्न सकिँदैन । प्राकृतिक छोरा छोरीको आफ्ना माता पितासँग प्राकृतिक सम्बन्ध हुन्छ भने धर्मपुत्र धर्मपुत्रीको आफूलाई धर्मपुत्र धर्मपुत्री राख्ने व्यक्तिसँग कानूनी सम्बन्ध रहने हुँदा प्राकृतिक र कानूनी सम्बन्धलाई समान स्तरमा राखी हेर्न नमिल्ने हुन्छ । धर्मपुत्र धर्मपुत्री राख्ने र बस्ने बिचमा पारिवारिक सदभाव, न्याय र नैतिकता कायम गर्न केही निश्चित दायित्व तोकेको धर्मपुत्र धर्मपुत्रीको ११ नं को कानूनी व्यवस्थाले संविधानको धारा १३ प्रतिकूलरूपमा प्राकृतिक सन्तान र धर्मपुत्र धर्मपुत्रीको बिचमा असमान व्यवहार गरेको भनी मान्न नमिल्ने ।

धर्मपुत्र वा धर्मपुत्री राख्नेले खान लाउन नदिई घरबाट निकाला गरेमा वा शिक्षा, स्वास्थ्योपचारको व्यवस्था गरेन भने त्यस्तो धर्मपुत्र वा धर्मपुत्रीले धर्मपुत्र वा धर्मपुत्री राख्नेसँग छोराछोरी सरह अंश गरी लिन पाउने अधिकार धर्मपुत्र धर्मपुत्रीको महलको ११ नं. ले प्रत्याभूत गरेको हुँदा धर्मपुत्र धर्मपुत्रीलाई कानूनबाट उचित संरक्षण प्रदान भएको पाइन्छ । उक्त अधिकार प्राकृतिक सन्तान सरह नै रहेको छ । निवेदन मागअनुसार ११ नं. को व्यवस्था बदर गर्ने हो भने धर्मपुत्र वा धर्मपुत्रीले धर्मपुत्र वा धर्मपुत्री राख्नेसँग छोराछोरी सरह अंश गरी लिन पाउने अधिकार समेत कायम नहुने ।

धर्मपुत्र वा धर्मपुत्रीको अवस्था पारिवारिक सदभाव, सामाजिक न्याय र नैतिकता कायम गर्न सामाजिक आवश्यकता र अनुभवबाट निर्देशित र निर्धारित हुने हुँदा उक्त ११ नं. ले सोही सार्वजनिक नीतिगत व्यवस्था कायम गरेको पाइन्छ । धर्मपुत्र धर्मपुत्रीको लिखत बदर हुने नहुनेसम्बन्धी नीतिगत प्रश्नले प्राकृतिक सन्तानको पक्षमा रही धर्मपुत्र धर्मपुत्रीलाई असमानरूपमा विभेद गरेको मान्न पनि मिल्दैन । यसर्थ धर्मपुत्र धर्मपुत्रीको महलको ११ नं. को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को

धारा १३ द्वारा प्रदत्त समानताको हकप्रतिकूल नहुँदा मुलुकी ऐन, धर्मपुत्र धर्मपुत्रीको महलको ११ नं. निवेदन मागबमोजिम बदर घोषित गर्नुपर्ने नदेखिने।

रजिस्ट्रेसनको महलको १ नं. मा रजिस्ट्रेसन गरिएको लिखतले मात्र वैधता प्राप्त गर्ने हुँदा उक्त नं. मा रजिस्ट्रेसन गर्नुपर्ने लिखतको वर्गीकरण गरिएको पाइन्छ । जसमा धर्मपुत्र वा धर्मपुत्रीको लिखतसमेत रजिस्ट्रेसन गर्नुपर्ने व्यवस्था रहेको छ । धर्मपुत्र वा धर्मपुत्रीको लिखत रजिस्ट्रेसन गर्नुपर्ने व्यवस्थाले स्वयम् धर्मपुत्र वा धर्मपुत्रीको कानूनी हक स्थापित गर्ने हुँदा धर्मपुत्र वा धर्मपुत्री बस्ने व्यक्तिको हितअनुकूल भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाको अभावमा धर्मपुत्र वा धर्मपुत्री बस्ने व्यक्तिको कानूनी हकमा प्रतिकूल असर पर्न जाने हुन्छ । धर्मपुत्र वा धर्मपुत्रीको लिखत रजिस्ट्रेसन गर्ने व्यवस्थालाई कुनै सम्पति वा वस्तु विनिमयको लिखतसँग तुलना गर्नु कानून तथा तर्कसङ्गत मान्न नमिल्ने।

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइ सराई जस्ता व्यक्तिगत घटना दर्ता गर्न बनेको कानूनी व्यवस्था अन्तर्गत प्राकृतिक सन्तानको जन्म दर्ता गर्ने विषय र कुनै दुई पक्ष बिचमा सहमति भै कानूनीरूपमा पिता माता र धर्मपुत्र धर्मपुत्रीको सम्बन्ध स्थापित गर्ने लिखत पारित गर्ने विषय नितान्त फरक फरक विषय हुँदा धर्मपुत्र धर्मपुत्रीको लिखत पञ्जिकाधिकारीसमक्ष दर्ता नगरी मालपोत कार्यालयमा रजिस्ट्रेसन गरेको कार्य समानताको हकप्रतिकूल मान्न नमिल्ने हुन्छ । यसर्थ मुलुकी ऐन, को महलमा रहेको धर्मपुत्र धर्मपुत्रीको लिखत गर्दा गराउँदा रजिस्ट्रेसन गराउनु पर्ने कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१),(३) द्वारा प्रदत्त समानताको हक प्रतिकूल नहुँदा रजिस्ट्रेसनको महलको १ नं. मा रहेको धर्मपुत्र धर्मपुत्रीको लिखत भन्ने शब्दावली बदर घोषित गरिरहनु नपर्ने।

मुलुकी ऐन, धर्मपुत्र धर्मपुत्रीको महलको ११ नं. को कानूनी व्यवस्था र मुलुकी ऐन, रजिस्ट्रेसनको १ नं. मा धर्मपुत्र धर्मपुत्रीको लिखत रजिस्ट्रेसन गर्नु पर्ने व्यवस्थाले संविधानको धारा १३ को उपधारा (१) तथा (३) द्वारा प्रदत्त हकमा अनुचित बन्देज नलगाएको हुँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिलेन । निवेदकहरूले धर्मपुत्र धर्मपुत्रीको लिखत दर्ता गराउनको लागि नयाँ कानून बनाउन विपक्षीहरूका नाममा परमादेश जारीको माग गरे तापनि सामाजिक आवश्यकताअनुसार कानून निर्माण गर्ने विषय विधायिकी कार्य भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WS-०००६, ००११, उत्प्रेषण / परमादेश, अधिवक्ता विनितकुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, *अधिवक्ता विनितकुमार झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५(८) मा लोक सेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्ति हुनको निमित्त ग्राह्य हुने छैन भन्ने व्यवस्था रहेको छ । उक्त धारामा उल्लेखित व्यवस्थाले लोक सेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेका व्यक्ति सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने व्यवस्था रहेको भए पनि सो व्यवस्था लोक सेवा आयोगका अध्यक्ष तथा सदस्य

पदमा बहाल रही रहेका व्यक्तिका हकमा आकर्षित हुने व्यवस्था नभई सो पदबाट अवकाश प्राप्त गरी सकेका व्यक्तिका हकमा आकर्षित हुने व्यवस्था रहेको देखिन आएकाले सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ को दफा ११ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२५(८) को प्रतिकूल रहेको मान्न नमिल्ने।

सार्वजनिक संस्थानका कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवारहरूको छनौट गरी सिफारिस गर्ने कार्यविधिमा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा लोक सेवा आयोगले परामर्श दिन सक्ने व्यवस्था रहेको र लोक सेवा आयोगको उपस्थिति बिना उक्त कार्यले वैधता र पूर्णता प्राप्त गर्न सक्ने हुँदैन। सार्वजनिक संस्थानका प्रमुखको नियुक्तिसम्बन्धी विषय नेपाल सरकारको नीतिगत विषय भई सोही नीतिगत व्यवस्थाअनुसार उम्मेदवार छनौट प्रक्रियामा लोक सेवा आयोगको प्रतिनिधित्व हुने गरी सो आयोगका पदाधिकारीलाई सार्वजनिक संस्थान प्रमुख नियुक्ति सिफारिस समितिको अध्यक्ष तथा सदस्य रहने गरी गरिएको व्यवस्था संविधानको धारा १२६(६) विपरीत मान्न नमिल्ने।

सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ को दफा ११ बमोजिमको सिफारिस समिति स्वयम्ले सार्वजनिक संस्थानका प्रमुखको नियुक्ति गर्ने नभई नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिससम्म गर्ने व्यवस्था रहेको र त्यस्तो पदमा नियुक्ति गर्ने अधिकार नेपाल सरकारमा नै निहित रहेको देखिन्छ। यसरी निवेदकले दाबी गरेको नियुक्ति गर्ने निकायका सम्बन्धमा तत्तत् कानूनमा भएको व्यवस्था र गठन आदेश, २०६९ को व्यवस्थामा नियुक्ति गर्ने निकाय एउटै भई भिन्नता रहेको नदेखिँदा निवेदकको उक्त जिकिर संविधान एवम् कानूनसम्मत मान्न देखिन नआउने।

सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ खारेज भई सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ जारी भइसकेको र उक्त गठन आदेश, २०६९ नेपाल सरकारले विभिन्न कानूनबमोजिम स्थापित सार्वजनिक संस्थानहरूको कार्यकारी प्रमुखहरू नियुक्ति सम्बन्धमा नेपाल सरकारले आफूलाई प्राप्त अधिकारलाई व्यवस्थित गर्न र पारदर्शी एवम् प्रतिष्पर्धात्मक आधारमा नियुक्तिको प्रक्रिया प्रशस्त गर्न जारी भएको देखिएको, सो गठन आदेश प्रचलित कानून एवम् संविधानको कुनै व्यवस्थासँग बाझिएको नदेखिएको र कानूनप्रतिकूल नहुने गरी आदेश जारी गरी नियुक्तिलाई व्यवस्थित गर्न कुनै कानूनले रोकेको नदेखिएको तथा उक्त गठन आदेश बदर भएमा पनि नेपाल सरकारको नियुक्तिको अधिकार कानूनबमोजिम नेपाल सरकारमा नै रहिरहने भई निवेदकको कानूनी हक हनन हुने अवस्थासमेत नदेखिएकाले निवेदन मागबमोजिम आदेश जारी गर्न परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WS-००६२, उत्प्रेषण / परमादेश, *कृषि सामग्री कम्पनी लि. कर्मचारी सङ्घ केन्द्रीय समितिका तर्फबाट अख्तियारप्राप्त अध्यक्ष र आफ्नो हकमासमेत सुशीलदत्त मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सार्वजनिक संस्थानमा नियुक्त हुने कार्यकारी प्रमुखको नियुक्ति पारदर्शी तवरले र

प्रतिष्पर्धात्मक आधारमा गर्नका लागि सो गठन आदेश जारी भएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन्छ । सार्वजनिक संस्थानमा नियुक्त हुने कार्यकारी प्रमुखको नियुक्ति पारदर्शिता र प्रतिस्पर्धात्मक आधारमा नियुक्ति गर्ने प्रणाली श्रेष्कर नै हुने हुँदा गठन आदेशबमोजिमको प्रक्रियाबाट कृषि सामाग्री कम्पनी लि. को प्रबन्ध सञ्चालक पदमा नियुक्ति गर्दा त्यसबाट के अवाञ्छित परिणाम आउने भन्ने कुरा नखुलाई हचुवाको भरमा दिएको निवेदनका आधारमा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०४३८, उत्प्रेषण, *प्रकाशजङ्ग कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल टेलिभिजनको महाप्रबन्धक पदपूर्ति गर्नका लागि सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ बमोजिम सो बोर्डको कार्यकारी प्रमुख नियुक्ति सिफारिस समितिको मिति २०६९।४।३० गतेको गोरखापत्रमा प्रकाशित सूचनाअनुसार यी निवेदकसमेतले सो पदका लागि दरखास्त दिएको तथ्यलाई निवेदकले स्वीकार गरेको देखिन्छ । उक्त सूचनाबमोजिम सार्वजनिक संस्थान निर्देशन बोर्ड कार्यकारी प्रमुख नियुक्ति सिफारिस समितिले मिति २०६९।६।२१ को निर्णयानुसार मिति २०६९।६।२२ को गोरखापत्र दैनिकमा अर्को सूचना प्रकाशित गरी अनिलकुमार झासमेतका ५ जनालाई अन्तर्वार्ताका लागि उपस्थित हुन सूचित गरेको देखिन्छ । उक्त मिति २०६९।६।२२ को सूचनामा निवेदकको नाम समावेश भएको नदेखिने ।

नेपाल टेलिभिजनको रिक्त महाप्रबन्धक पदका लागि सार्वजनिक संस्थान निर्देशन बोर्ड कार्यकारी प्रमुख सिफारिस समितिले माग गरेको दरखास्तबमोजिम यी रिट निवेदकले दरखास्त दिई सो समितिले सञ्चालन गरेको परीक्षासम्बन्धी प्रक्रियामा सहभागी भई आफू असफल भएपछि उक्त परीक्षासम्बन्धी काम कारवाही र सूचनासमेतलाई चुनौती दिई प्रस्तुत निवेदन दिएको देखिन आएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने ।

तसर्थ सार्वजनिक संस्थान निर्देशन बोर्ड कार्यकारी प्रमुख सिफारिस समितिले सञ्चालन गरेको परीक्षामा अनुत्तीर्ण भएपछि निवेदकले सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ को वैधानिकतामा चुनौती दिई प्रस्तुत निवेदन दिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०४९४, उत्प्रेषण / प्रतिषेध / परमादेश, *रामचन्द्र सिलवाल* वि. *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले चुनौती दिएको मिति २०६९।४।३० मा प्रकाशित सूचना निवेदक कार्यरत कृषि सामाग्री संस्थानको प्रबन्ध सञ्चालक नियुक्ति गर्ने विषयसँग सम्बन्धित रहेको र निज सोही संस्थानको निमित्त प्रबन्ध सञ्चालक पदमा कार्यरत रहेको देखिँदा निमित्त प्रबन्ध सञ्चालक जस्तो जिम्मेवारीपूर्ण पदमा कार्यरत निवेदनलाई आफैँ कार्यरत संस्थानको प्रबन्ध

सञ्चालक पदको नियुक्ति सम्बन्धमा प्रकाशित सूचना थाहा नहुने अवस्था हुँदैन । सो सूचना निवेदकले थाहा जानकारी नपाउने वस्तुनिष्ठ आधार र कारण पनि निवेदनमा खुलाउन सकेको नदेखिँने हुँदा निमित्त प्रबन्ध सञ्चालक जस्तो जिम्मेवारीपूर्ण पदमा कार्यरत निवेदनले आफ्नो संस्थानमा नियुक्त हुने प्रबन्ध सञ्चालक पदको नियुक्ति प्रक्रिया मिति २०६९।४।३० मा नै सुरू भएकामा तत्काल सो सम्बन्धमा चुनौती नदिई ३ महिनापछि मिति २०६९।७।२२ मा मात्र प्रस्तुत रिट निवेदन दिएको देखिन आएकाले निवेदकको मागबमोजिमको आदेश जारी गरी रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल वैशाख ६ गते रोज १ शुभम्।

## संयुक्त इजलास

### १

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०२७५, उत्प्रेषण / परमादेश, *डा. मायाकुमारी शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकलाई कतारको लागि नेपाली राजदूतको पदमा नियुक्त गर्दा दिइएको राष्ट्रपतिको कार्यालयको मिति २०६८।१२।२२ को पत्रको व्यहोरा हेर्दा निजको पदावधि के कति हुने भनी तोकिएको देखिँदैन । रिट निवेदकले निवेदन पत्रमा आफ्नो पदावधि चार वर्षको भएको भनी जिकिर लिएको भए पनि नेपाली राजदूतको पदावधि चार वर्ष हुने भनी कुनै नेपाल कानूनमा किटान गरिएको नपाइने।

नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू २०६८ को नियम ७(३) बमोजिम रिट निवेदकको पदावधि चार वर्ष भएको भनी रिट निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा जिकिर लिएको भए पनि नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी बनाएको देखिएकाले सो नियमावलीको स्रोत निजामती सेवा ऐन, २०४९ भएको भन्ने कुरामा विवाद छैन। रिट निवेदक निजामती कर्मचारी वा नेपाल परराष्ट्र सेवाको कर्मचारी नभई राजनीतिक प्रकृतिबाट नियुक्त राजदूत भएको देखिन्छ । त्यसका अतिरिक्त नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू २०६८ को नियम ७ सरूवासम्बन्धी व्यवस्थासँग सम्बन्धित भई उपनियम (३) मा «अवधि तोकी सरूवा गरिएमा बाहेक नियोगमा कार्यरत कर्मचारीलाई सामान्यतया चार वर्षको सेवा अवधि पूरा भएपछि सरूवा गरिनेछ» भन्ने व्यवस्था भएकाले नियोगमा कार्यरत परराष्ट्र सेवाका कर्मचारीको सरूवाको सम्बन्धमा लागू हुने उक्त नियमको व्यवस्था नियोग प्रमुख राजदूतको पदावधि सम्बन्धमा पनि लागू हुने भन्न मिल्ने देखिँदैन । रिट निवेदकलाई एक नियोगबाट अर्को नियोगमा सरूवा गरेको नभई राजदूत पदबाट मुक्त गरी फिर्ता बोलाइएको अवस्था भएकाले निजामती कर्मचारी एवम् नेपाल परराष्ट्र सेवाका कर्मचारीहरूलाई लागू हुने उक्त नियमावलीको व्यवस्था रिट निवेदकको हकमा आकर्षित हुने भन्ने देखिन नआउने।

रिट निवेदकले स्टेट अफ कतारका लागि नेपाली राजदूतको हैसियतले बि.बि.सि. साझा सवाल कार्यक्रमलाई दिनुभएको अन्तर्वार्तामा बोलिएको कुराले कतार र नेपालबिचको सौहार्दपूर्ण सम्बन्धमा प्रतिकूल असर पर्न सक्ने भएकाले मिति २०७०।१।२६ र २०७०।३।१२ मा निवेदकलाई परराष्ट्र मन्त्रालयले

स्पष्टिकरण पेस गर्न भनिएकामा सञ्चार माध्यमले आशय फरक पर्ने गरी प्रशारण गरेको र त्यस भनाइबाट मित्रराष्ट्र कतार सरकार र कतारी जनताको भावनामा ठेस पुग्न गएकामा गहिरो दुःख व्यक्त गरी यसले मित्र राष्ट्र कतार सरकार र कतारी जनताको भावनामा चोट पुगेको अनुभव भएको भए त्यसप्रति क्षमा गरिदिनु हुन भन्ने कुरा उल्लेख गरी आफूले सञ्चार माध्यममा बोलेको कुरा स्वीकार गरी रिट निवेदकले नेपाल सरकारलाई लिखित स्पष्टिकरण पेस गरेको देखिन्छ। निवेदकले बि.बि.सि. साझा सवाल कार्यक्रममा दिएको अभिव्यक्ति प्रति स्टेट अफ कतारले आपत्ति प्रकट गरी यस विषयलाई सुल्झाउन नेपाल सरकारलाई आग्रह गरेकाले दुई देशबिचको सम्बन्ध बिग्रन नदिन निवेदकलाई राजदूत पदको जिम्मेवारीबाट मुक्त गर्न वाञ्छनीय भएकाले मन्त्रिपरिषद्बाट पदमुक्त गर्ने निर्णय भएको भन्ने विपक्षी मन्त्रिपरिषद्को लिखित जवाफमा जिकिर रहेको पाइन्छ । प्रस्तुत रिट निवेदनको मिसिलमा रहेको उपर्युक्त तथ्यगत अवस्था हेर्दा रिट निवेदकले दिएको अभिव्यक्ति सम्बन्धमा परराष्ट्र मन्त्रालयबाट पत्राचार भई रिट निवेदकसँग स्पष्टिकरणसमेत सोधिएको देखिएकाले सुनुवाइको मौका प्रदान नगरिएको भन्नेसमेत अवस्था देखिन नआउने।

रिट निवेदकलाई अन्तरिम संविधान, २०६३ को धारा १५० बमोजिम कतारको लागि नेपाली राजदूत पदमा राष्ट्रपतिबाट नियुक्त गरिएको भए पनि राजदूतलाई पदमुक्त गर्ने सम्बन्धमा संविधानलगायत अन्य कुनै पनि नेपाल कानूनमा व्यवस्था भएको पाइँदैन । वस्तुतः राजदूतको पद प्रशासनिक वा निजामती पद नभई आफ्नो मुलुकको सरकारको नीति र निर्देशनको अधिनमा रही अर्को सार्वभौम मुलुकमा आफ्नो मुलुकको प्रतिनिधित्व गरी कामकाज गर्नुपर्ने राजनीतिक प्रकृतिको पद हो । यो पद कुनै एक मुलुकको कानूनबाट मात्र निर्देशित नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, कुटनीतिक सम्बन्ध विषयक भियना महासन्धिलगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट निर्देशित भई अन्तराष्ट्रिय सम्बन्धको मधुरता, सहयोग, समझदारी, पारस्परिकता एवम् कुटनीतिक मर्यादामा रही काम गर्ने पद हो । एउटा सार्वभौम मुलुकले अर्को सार्वभौम मुलुकमा आफ्नो देशको प्रतिनिधित्व गर्न भनी तोकिएको यस्तो पदमा रही गरिएको कुनै पनि कार्यबाट दुई देशबिचको सम्बन्धमा कटुता वा तिक्तता पैदा भएको अवस्थामा सम्बन्धित सरकार (Sending State) ले जुनसुकै बेला जिम्मेवारीबाट मुक्त गराई स्वदेश फिर्ता बोलाउन सक्ने।

नेपाल सरकार मन्त्रिपरिषद्को लिखित जवाफमा नेपाल सरकारले समयमा नै उचित कदम नचालेको भए उक्त महासन्धिको धारा ९ बमोजिम कतार सरकारले नेपालको बहालवाला राजदूतलाई अन्तर्राष्ट्रिय प्रचलनअनुसार फिर्ता पठाउने (Persona Non Grata) सम्भावना रहेकाले नेपाल र नेपाली जनताको वृहत्तर हितको लागि रिट निवेदकलाई पदबाट मुक्त गरी स्वदेश फर्काउने गरी नेपाल सरकारबाट निर्णय भएको भन्ने उल्लेख भएको देखिएको निवेदकलाई पदमुक्त गरिएको कार्यलाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

राजदूतको कार्यकालका सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था नभए पनि निजले सम्बन्धित मुलुक (Receiving State) मा गर्ने कुटनीतिक भूमिका र मर्यादामा आधारित रहने पद हो। त्यसका अतिरिक्त राजदूतको पदमा नियुक्त भएको व्यक्तिले सम्बन्धित मुलुक (Sending State) को कार्यपालिकाको निर्देशन र नियन्त्रणमा रही आफ्नो देश र जनताको

वृहत्तर हितप्रति जवाफदेहीपूर्ण ढङ्गले पदीय भूमिका निर्वाह गर्ने पद हो। उपर्युक्त भूमिका निर्वाह गर्न नसक्ने राजदूतलाई सम्बन्धित मुलुक (Sending State) ले जुनसुकै बेला पदमुक्त गरी स्वदेश फिर्ता बोलाउन सक्ने कार्यकारिणी अधिकार मन्त्रिपरिषद्लाई प्राप्त हुन्छ। प्रस्तुत रिट निवेदनको सन्दर्भमा रिट निवेदकले बि.बि. सी. को साझा सवाल कार्यक्रममा दिएको अभिव्यक्तिप्रति कतार सरकारले आपत्ति जनाई सो विषयको समाधान गर्न नेपाल सरकारलाई पत्राचारसमेत गरेको कारण कतार र नेपालबिचको सुमधुर सम्बन्धमा पैदा हुन सक्ने नकारात्मक असरबाट बचाउन रिट निवेदकलाई राजदूत पदको जिम्मेवारीबाट मुक्त गराई स्वेदश फर्काउने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने।

राजदूतको पदमा नियुक्त भएको व्यक्तिको कुनै पनि आचरण, अभिव्यक्ति एवम् क्रियाकलापबाट दुई देशबिचको सुमधुर सम्बन्धमा प्रतिकूल असर पर्न गएको अवस्थामा त्यस्तो राजदूतलाई सम्बन्धित देशको सरकारले जुनसुकै बेला फिर्ता बोलाउन सक्ने कार्यपालिकाको निहित अधिकार भएकाले सहि अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट कतारको लागि नेपाली राजदूत पदबाट रिट निवेदकलाई पदमुक्त गरी स्वदेश फर्काउने भनी गरेको निर्णय त्रुटिपूर्ण नदेखिँदा रिट निवेदकलाई कुटनीतिक सम्बन्ध विषयक भियना महासन्धि (Vienna Convention on Diplomatic Relation, 1961) विपरीत अनधिकृत निकायबाट पदमुक्त गरिएको भन्ने निवेदन जिकिर मनासिब नदेखिने।

रिट निवेदकले पदिय आचरण र कुटनीतिक मर्यादा अनुकूल कार्य नगरेको भनी निजलाई स्टेट अफ कतारको नेपाली राजदूत पदबाट जिम्मेवारी मुक्त गरेको नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णयमा कुनै कानूनी कार्यविधिगत त्रुटिपूर्ण देखिन नआएको र उक्त निर्णयबाट रिट निवेदकको संविधान एवम् कानून पदत्त हकमा आघात गरेको नदेखिएकाले मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७१ साल चैत २९ गते रोज १ शुभम्।

## २

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१०१६, उत्प्रेषण, *सूर्यनाथ यादवसमेत वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालयसमेत*

रिट निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्ण थापाले रिट निवेदकहरूमध्ये सूर्यनाथ यादव र दीपकराज आचार्य उमेर हदका कारण सेवाबाट निवृत्त भइसकेका र निवेदक पुष्पराज पन्तको बढुवासमेत भई सकेको भनी इजलाससमक्ष जिकिर गरी निवेदकहरूले प्रस्तुत रिट निवेदनमा दाबी लिएको विषयमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशबमोजिम विपक्षीहरूबाट प्रकाशन भएको बढुवाको सूचना कार्यान्वयन नभएको र निवेदकहरूले रिट निवेदनमा माग गरेको उपचार प्राप्त गरिसकेको भनी लिखितरूपमा जानकारीसमेत गराउनु भएको छ। यसरी प्रस्तुत रिट निवदनमा दाबी गरिएको विषयवस्तुको कार्यान्वयनसमेत भई निवेदकहरूको मागबमोजिमको उपचारसमेत प्राप्त भइसकेको भनी रिट निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले लिखितरूपमा इजलाससमक्ष जानकारी गराउनु भएको सन्दर्भबाट प्रस्तुत रिट निवेदन प्रयोजनहीन भइसकेको देखिँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गरिरहन परेन। यस अदालतबाट जारी भएको मिति

२०६९।१२।२६ को अन्तरिम आदेशसमेत निष्कृय भई प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

संवत् २०७१ साल चैत २९ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०४२७, उत्प्रेषण / परमादेश, *बाँके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. १ मा रजिस्टर्ड कार्यालय भई का.जि.का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वरमा मुख्य कार्यालय रहेको डि.सी. कन्ट्रक्टर्स एण्ड सप्लायर्स प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त व्यक्ति ऐ. का प्रबन्धक सञ्चालक प्रदीपकुमार डि.सी. वि. का.जि.का.म.न.पा. वडा नं. ४ स्थित ग्लोबल आइएमइ बैंक लिमिटड कर्पोरेट अफिस पानीपोखरी, काठमाडौंसमेत*

रिट निवेदकले लिलाम बदर मुद्दामा भएको रोक्का फुकुवा आदेशउपर प्रस्तुत रिट निवेदन दायर गरेको हो, सो लिलाम बदर मुद्दा काठमाडौं जिल्ला अदालतबाट फैसला भई सकेको र सो मुद्दामा पुनरावेदन परे पुनरावेदनको रोहबाट साधारण अधिकारक्षेत्र अन्तर्गतको उपचारको माध्यमबाट निवेदकले दाबी गरेको विषयमा विचार हुन सक्ने भएकाले असाधारण अधिकारक्षेत्र अन्तर्गत परेको प्रस्तुत रिट निवेदनको रोहबाट साधारण अधिकारक्षेत्रको उल्लिखित विषयमा हस्तक्षेप गर्न मिल्ने नहुँने हुँदा रिट निवेदकले प्रस्तुत रिट निवेदनमा माग दाबी लिएको जग्गा रोक्का फुकुवासम्बन्धी विषयको मूल मुद्दा काठमाडौं जिल्ला अदालतबाट फैसला भइसकेको परिप्रेक्ष्यमा सोही मुद्दामा पुनरावेदनको रोहबाट साधारण अधिकारक्षेत्रअन्तर्गत उपचार प्राप्त हुन सक्ने अवस्था भएकाले असाधारण अधिकारक्षेत्रअन्तर्गत परेको प्रस्तुत रिट निवेदनबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदन मागबमोजिम रिट जारी हुन सक्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल चैत २९ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०३१४, जग्गा दर्ता, *मालपोत कार्यालय, कास्की वि. तिलककुमारी थापाको मु.स. गर्ने गुन्जबहादुर थापा*

मिसिल संलग्न कि.नं. ६० को जग्गाको नापीको फिल्डबुक हेर्दा किसानको व्यहोरामा कालीखोला, जग्गावालाको नाम थरमा खाली र विरहमा कालीखोला भन्ने जनिएको देखिन्छ। त्यसका अतिरिक्त उक्त खोलामा परेको जग्गा छुट दर्ता गर्न नमिल्ने र नेपाल सरकारको नाममा दर्ता गर्ने गरी तत्कालीन श्री ५ को सरकारबाट २०४५ सालमा निर्णय भएको भन्ने मालपोत कार्यालय, कास्कीको मिति २०४५।८।२९ को निर्णयमा उल्लेख भएको देखिएकामा तत्कालीन श्री ५ को सरकारको उक्त निर्णयउपर निवेदकले कुनै उजुर गरी बदर गराउन सकेको पनि मिसिलबाट देखिँदैन । उल्लिखित अवस्थामा हक बेहकमा सुनाउने अवस्था विद्यमान नै नहुँदा नेपाल सरकारको नाममा दर्ता भइसकेको जग्गा यी प्रत्यर्थीको नाममा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय, कास्कीले गरेको मिति २०६५।३।३० को निर्णय मनासिबै देखिन आएकाले पुनरावेदन अदालत, पोखराले हक बेहकमा सुनाउन पुनः निर्णय गर्नु भनी मालपोत कार्यालयमा मिसिल पठाउने ठहराएको फैसला त्रुटिपूर्ण देखिन आउने हुँदा प्रत्यर्थी निवेदकले दाबी गरेको कि.नं. ६० को जग्गा सम्बन्धमा नापीसम्बन्धी विशेष अदालतलबाट

व्यक्तिका नाउँमा दर्ता हुन नसक्ने भनी मिति २०३३।५।३० मा निर्णय भै सो निर्णय अन्तिम भएको रहेको अवस्थामा पुनः सोही जग्गाको सम्बन्धमा परेको छुट जग्गा दर्तासम्बन्धी दाबीउपर हक बेहकमा सुनाउनु पर्ने अवस्था नै नहुँदा दाबी पुग्न नसक्ने भनी तामेलीमा राखेको मालपोत कार्यालय, कास्कीको निर्णय सदर गर्नुपर्नेमा उल्टी गरी तेरोमेरोमा हकबेहकमा सुनाउन भनी पुनरावेदन अदालत, पोखराले गरेको मिति २०६६।४।१२ को फैसला अन्तिमताको सिद्धान्त र यस अदालतबाट प्रतिपादन भएको नजिरसमेतको विपरीत भई त्रुटिपूर्ण हुँदा उल्टी भई प्रत्यर्थी निवेदकका नाममा जग्गा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालय, कास्कीले गरेको मिति २०६५।३।३० को निर्णय सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६३-CI-१२७१, लिखत बदर, कुंजबहादुर राणाको *मु.स. गर्ने प्रद्युम्न राणासमेत वि. अच्युत शमशेर ज.ब.रा.समेत*

लेनदेन व्यवहरको १० नं. को कानूनी व्यवस्थाबमोजिम आफ्नोसमेतको अंश हक लाग्ने जग्गा आफ्नो मञ्जुरीबेगर बिक्री गरिएको भए सो बिक्री व्यवहारउपर वादीले एक वर्षसम्म थाहा पाएका मितिले पैंतीस दिनभित्र फिराद दिनुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा वादीले उक्त हदम्याद नघाई फिराद दायर गरेको देखिन आउँछ। प्रतिवादी सैयद महबुबले प्रतिवादी जुजुभाई श्रेष्ठलाई मिति २०२६।४।१९ मा उक्त जग्गा राजीनामा गरेको देखिए पनि उक्त लिखतको स्रोतको रूपमा रहेको मिति २०२४।७।८ को पहिलो लिखितउपरको वादीको दाबी नै लेनदेन व्यवहारको १० नं. बमोजिमको हदम्यादभित्र परेको नदेखिएकाले पछिल्लो लिखतसमेत उक्त कानूनी व्यवस्थाबमोजिमको हदम्यादभित्र परेको भन्न नमिल्ने।

वादीले फिरादपत्रमा अ.बं. ३६, ८२ तथा जग्गा मिच्नेको १८ नं. समेतको उल्लेख गरी आफ्नो दाबी हदम्यादभित्रको भएको भनी जिकिर लिएको भए पनि प्रस्तुत फिरादको मुख्य आधार भनेको वादीहरूसमेतको अंशहक लाग्ने जग्गा वादीहरूको मञ्जुरी एवम् सहमति बेगर तेस्रो व्यक्तिलाई हक हस्तान्तरण गरेको भन्ने भएकाले उक्त विवादमा वादीले उल्लेख गरेका कानूनी व्यवस्था प्रासङ्गिक र आकर्षित हुने नभई लेनदेन व्यवहारको १० नं. नै आकर्षित हुने देखिएकाले वादीको उक्त जिकिर मनासिब देखिन नआउने।

प्रस्तुत मुद्दाको मिसिलमा रहेको उपर्युक्त तथ्यगत अवस्थालाई हेर्दा वादीको फिराद कानूनले निर्धारण गरेको हदम्यादभित्र परेको भन्न मिल्ने देखिन आएन। विवादित जग्गामा प्रतिवादीहरूले घर बनाई रहेको भन्ने पनि वादीको फिरादपत्रमा दाबी लिइएको भए पनि प्रतिवादीले प्रतिउत्तरपत्रमा फिराद पर्नुभन्दा अघि नै नक्सा पास गराई घर निर्माण गरिएको भन्ने जिकिर लिई नक्सा पासको प्रमाणपत्रसमेत प्रतिउत्तरसाथ पेस गरेको देखिन्छ । उक्त नक्सा पासको प्रमाणपत्रबाट विवादित जग्गामा घरहरू निर्माण भइसकेको भन्ने देखिएकामा सो नक्सा पास विरूद्ध वादीले कुनै उजुर गरेको देखिएन। उल्लिखित अवस्थामा वादीको फिराद दाबी पुग्न नसक्ने ठहराएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने हुँदा वादीको फिराद लेनदेन व्यवहारको १० नं. मा निर्देशित हदम्यादभित्र परेको नदेखिँदा वादीको दाबी

नपुग्ने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६१।४।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-१५३०, लिखत दर्ता बदर, *ममता न्यौपाने वि. मेनका भट्टराई (तिवारी)*

न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) को उक्त कानूनी व्यवस्थाले फैसलाको ठहर खण्डमा उल्लेख नभएको व्यहोरा पछि संशोधन गर्न पाउने गरी व्यवस्था गरेको देखिँदैन । एक पटक भइसकेको निर्णयमा पुनः सोही अदालत, निकायले इन्साफमा फरक पर्ने गरी कुनै पनि संशोधन गर्न मिल्दैन । उक्त कानूनको प्रयोग गरी फैसलामा रहेको सामान्य त्रुटि र भूल सुधार गर्न सम्म मिल्ने हो । प्रस्तुत विवादमा फैसलाको लेखाइमा वा टाइपमा हुन गएको भूल सच्याएको भन्ने पनि देखिँदैन । अदालतबाट एकपटक भएको फैसला मुद्दाका पक्षलगायत सबैलाई बन्धनकारी हुन्छ । एक पटक भैसकेको फैसलामा कुनै त्रुटि भए कानूनद्वारा निर्दिष्ट मार्ग अवलम्बन गरी बदर गराउनु पर्ने हुन्छ । बदर गराउन पनि नसकेको तथा अन्तिम भएर बसेको अवस्थामा उक्त फैसला जे जस्तो भए तापनि कानून सरह पक्षहरूलाई लागू हुन्छ । फैसलाको ठहर खण्डमा नलेखिएको कुरा तपसील खण्डमा संशोधनको माध्यमबाट पछि उल्लेख कानूनसङ्गत हुँदैन । उक्त कानूनी व्यवस्थाको मनासाय पनि त्यस्तो नहुने ।

मिति २०६४।४।२९ मा भएको फैसलाको ठहर खण्डमा ६ भागको १ भाग लिखत बदर भइ पूर्वतर्फबाट वादीले फिर्ता पाउने भन्ने उल्लेख भएको छैन । पछि वादीको तर्फबाट परेको निवेदनमा तपसील खण्डको देहाय १ नं. मा ६ भागको १ भाग भन्दापछि **पूर्वतर्फबाट** भन्ने वाक्यांश थप गर्ने गरी मिति २०६६।१२।१५ मा आदेश भएको देखिन्छ । ६ भाग लाग्ने जग्गामा ६ जनाकै बराबरको हिसाबले नरमगरम मिलाई सबैलाइ बाटो निकाससमेत हुने गरी ६ भाग लगाउनु पर्ने हुन्छ । ६ भागमध्ये १ भाग पाउनेले मात्र निकास बाटो पाउने र ५ भाग पाउनेले बाटो निकास नपाउने गरी फैसला गरिएमा त्यो कानून र न्यायको दृष्टिले न्यायोचित नहुनुको साथै व्यवहारिकरूपमा समेत उपयुक्त हुने देखिँदैन । वादीको भागमा मात्र निकास बाटो रहने गरी जग्गा फिर्ता गरिँदा त्यो एकातिर न्यायोचित हुँदैन भने अर्कोतिर जग्गाको मूल्य र महत्त्वको आधारमा समेत व्यवहारिक देखिँदैन । कुनै एक पक्षको जग्गामा जाने बाटो निकास नै बन्द हुने गरी भएको आदेश कायम राख्नु समन्यायको दृष्टिले समेत उपयुक्त हुने नदेखिने ।

चितवन जिल्ला अदालतबाट मिति २०६६।१२।१५ मा भएको फैसला सरहको संशोधन आदेश बदर गरी नरमगरम मिलाई बाटो निकाससमेत नरोकिने गरी कार्य सम्पन्न गर्नु भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०५५९, परमादेश, *सुरेशकुमार*

*मुडभरी वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकले निवेदन साथ पेस गरेको नेपाल एपिएफ अस्पतालको मिति २०६९।९।२२ को डिस्चार्ज लेटरमा निजलाई हतियारसहितको ड्युटी नदिनु (no give arm duty at any time) उल्लेख भएको देखिएको र यस अदालतको मिति २०७१।१२।२५ को आदेशानुसार निवेदक सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ५७(१) बमोजिम शारीरिक र मानसिकरूपमा सशस्त्र प्रहरी सेवामा काम गर्न असक्त छ छैन भन्नेसमेतको अवस्था खुल्ने गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, मानसिक अस्पताल, पाटन र एपिएफ अस्पतालका विशेषज्ञ चिकित्सक सम्मिलित मेडिकल बोर्ड गठन गरी रायसहितको प्रतिवेदन पेस गर्नु भनी वीर अस्पतालमा लेखी पठाइएकामा आदेशबमोजिम मेडिकल बोर्ड गठन भई राय प्रतिवेदनसमेत प्राप्त भएको देखिन्छ । वीर अस्पतालको निर्देशक संयोजक र सदस्यहरूमा शसस्त्र प्रहरी अस्पतालका निर्देशक र मानसिक अस्पतालका प्रमुख कन्सल्टेन्ट भएको मेडिकल बोर्डले निवेदक कडा खालको मानसिक रोग लागि उपचाररत रहेको र निवेदकले सशस्त्र प्रहरी सेवा जस्तो संवेदनशील क्षेत्रमा नियमित कार्य गर्न नसक्ने भनी राय व्यक्त गरेको देखियो । यसप्रकार रिट निवेदक मानसिकरूपमा स्वस्थ नरहेको भन्ने कुरा पुष्टि हुन आएको देखियो । सशस्त्र प्रहरी बल सुरक्षासँग सम्बन्धित संवेदनशील सेवा भएकाले सो सेवामा कार्यरत जनशक्ति शारीरिक र मानसिकरूपमा तन्दुरूस्त हुनुपर्ने कुरामा दुई मत हुन नसक्ने ।

निवेदकले अशक्त अवकाशको लागि दिएको निवेदनमा हालसम्म कुनै निर्णय भएको नदेखिएको हुँदा सशस्त्र प्रहरी सेवाको संवेदनशीलता र निवेदकको मानसिक स्वास्थ्यको सन्दर्भमा देखा परेको अशक्त अवस्थालाई सशस्त्र प्रहरी नियमावलीको नियम ५७(१) को रोहमा विचार गर्नुपर्ने दायित्व विपक्षीमाथि रहेको देखिँदा निवेदकको उक्त निवेदनमा सोबमोजिम अविलम्ब यथोचित निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७१-WH-००५२, बन्दीप्रत्यक्षीकरण, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १४ कलंकी घर भई हाल कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा रहेका हरिशरण सुनार वि. दाङ देउखुरी जिल्ला अदालतसमेत*

जिउ मास्ने बेच्ने मुद्दामा फरार रहेका प्रतिवादी हरिशरण सुनारका नाममा जारी भएको म्यादी पूर्जी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १४ सुनार गाउँमा रितपूर्वक तामेल हुँदा प्रतिवादी हरिशरण सुनारका पिता भिमसेन सुनारले साक्षीहरूका रोहबरमा मिति २०५४।४।२६ मा बुझेको मिसिल संलग्न तामेली म्यादको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । यसरी जिउ मास्ने बेच्ने मुद्दाका प्रतिवादी र यी निवेदकको नाम, पिताको नाम र वतन समान रही थरसम्म सेन्चुरी र सुनार भनी फरक उल्लेख गरेको पाइयो । काठमाडौं महानगरपालिका, वडा नं. १४ सुनार गाउँको वतनमा यी निवेदकबाहेक हरिशरण सुनार भन्ने अर्को व्यक्तिको अस्तित्व छ भनी सरकारी निकायमा भएको आधिकारीक रेकर्डसाथ यी निवेदकले दाबी गर्न नसकेबाट उक्त वतनमा निवेदकबाहेकका हरिशरण सुनार भन्ने फरक व्यक्तिको अस्तित्व पुष्टि हुन सकेको नदेखिने ।

निवेदकले निवेदनपत्रमा आफूलाई प्रहरीबाट जबरजस्ति कागज गराइएको भनी दाबी गरे तापनि निजलाइ प्रहरी कार्यालयमा कागज गराएको मिसिलबाट देखिँदैन। काठमाडौ जिल्ला अदालतमा निवेदकको पहिचान खुल्ने कागज भएकामा निवेदकले स्वतन्त्रपूर्वक कागज गरी दिएको देखिन्छ। फैसला कार्यान्वयनको क्रममा वास्तविक लगतवाला व्यक्तिको पहिचानको लागि अदालतले सम्बन्धित व्यक्तिको जुनसुकै बखत कागज गराउन सक्ने नै हुन्छ। निवेदकको इच्छा विरूद्ध कुनै कागज गराइएको भए सो पुष्टि हुने आधारसहित चुनौती गर्ने अधिकार निवेदकमा सुरक्षित नै हुन्छ। फैसला कार्यान्वयनको क्रममा लगतवाला व्यक्तिको पहिचानको लागि अदालतमा निवेदकको कागज गराएको कार्य कानूनसम्मत मान्नु पर्ने।

अदालतको फैसलाबाट कसुर कायम भई सजाय तोकिएका कसुरदारलाई फैसलाबमोजिमको सजाय असूल गर्नु अदालतको कानूनी दायित्व हो। कसुर ठहर भएका कसुरदारको सजाय कार्यान्वयन नहुने हो भने दण्डहिनताले प्रश्रय पाउने मात्र होइन अदालतको फैसला निष्प्रभावी भई विधिको शासन नै कायम नहुने हुन्छ। अदालतको अन्तिम भइरहेको फैसलाले कैद ठहर भएका प्रतिवादीलाई लागेको कैद असुलीको लागि थुनुवा पूर्जी दिई कैदमा राखेको कार्यले निजको संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रतामा आघात भएको मान्न नमिल्ने।

इजलास अधिकृत: शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ओमप्रकाश मिश्र, ०७१-WH-००६०,** बन्दीप्रत्यक्षीकरण, *जिल्ला कास्की, धम्पुस गा.वि.स., वडा नं. ७ घर भई हाल जिल्ला प्रहरी कार्यालय, कास्कीमा थुनामा रहेकी कुसुम गुरूङको हकमा पार्वती गुरूङ वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

कानूनबमोजिमको अधिकारप्राप्त निकायमा कुनै व्यक्तिउपर परेको जाहेरीका सम्बन्धमा अनुसन्धान गर्न त्यस्तो आरोपित व्यक्तिलाई पक्राउ गर्नुपर्ने भए पक्राउ गर्नुपर्नाको कारणसहितको सूचना अर्थात पक्राउ पूर्जी दिई पक्राउ गरिएको, पक्राउ गरिएको व्यक्तिलाई हिरासतमा राख्न थुनुवा पूर्जी दिइएको, निजलाई २४ घण्टाभन्दा बढी समय हिरासतमा राख्नुपर्ने भएमा पक्राउ परेको समयले बाटाका म्यादबाहेक २४ घण्टाभित्र निजउपरको जाहेरीका विषयमा मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइएको र मुद्दा हेर्ने अधिकारीको आदेशले निजउपर परेको जाहेरीका सम्बन्धमा कानूनबमोजिम थप अनुसन्धान गर्न न्यायिक हिरासतमा राखिएको छ भने प्रारम्भिकरूपमा नै सो थुनालाई कानूनको उचित प्रक्रिया (Due Process of Law) अनुरूपको थुना मान्नुपर्ने।

प्रस्तुत रिटमा निवेदिका कुसुम गुरूङउपर ठगी गरेको भनी कानूनबमोजिमको अधिकारप्राप्त निकाय महानगरीय प्रहरी परिसर, काठमाडौंमा परेको जाहेरीका सम्बन्धमा अनुसन्धान गर्न पक्राउ पूर्जी दिई मिति २०७१।११।१९ मा पक्राउ गरी सोही मिति २०७१।११।१९ मा थुनुवा पूर्जीसमेत दिइ प्रहरी हिरासतमा राखिएको र निज पक्राउ परेको समयले २४ (चौबिस) घन्टाभित्र मिति २०७१।११।२० मा काठमाडौ जिल्ला अदालतका मुद्दा हेर्ने अधिकारीबाट म्याद थप गरी जाहेरीको विषयमा थप अनुसन्धानको लागि कानूनसम्मत् रूपमा न्यायिक हिरासतमा राखेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था

नदेखिने।
इजलास अधिकृत: शिवप्रसाद खनाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७१ साल चैत २ गते रोज २ शुभम्।

**इजलास नं. १**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००५३, बन्दीप्रत्यक्षीकरण, *कुमार तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा, सिन्धुपाल्चोकसमेत*

चोरीको महलको १४(२) नं. को कानूनी व्यवस्था जबरजस्ती चोरीको कसुर कायम भएको अवस्थामा हुने कैदको सजाय तथा जरिवानाबापत समेत कैद नै गर्नुपर्ने भन्ने सजायसम्बन्धी सारवान व्यवस्था हो। सो व्यवस्थाबमोजिम कुनै व्यक्तिलाई कैद तथा जरिवानाबापत समेत कैद हुने ठहरेको अवस्थामा कैद तथा जरिवानाबापतको कैदसमेत गरी चोरीको २७ नं. मा वर्णित हद ननघाई कैदको अधिकतम् हद कायम गर्नुपर्ने देखिन्छ। तर जरिवानाबापत कैद ठेक्दाको अवस्थामा दण्ड सजायको ३८(१) नं. को व्यवस्थालाई अलग गरी निरपेक्षरूपमा चोरीको २७ नं. लाई मात्रै समाई जरिवानाबापतको कैदसमेत ४ वर्षभन्दा बढी गर्नुपर्ने भनी अर्थ गर्न मिल्ने देखिँदैन। किनभने जरिवानाबापतको कैद असुल गर्ने अर्थात कैद ठेक्ने व्यवस्था दण्ड सजायको ३८(१) नं. नै हो। चोरीको १४(२) नं. ले सजाय गर्दा ठहर गर्न सकिने कैदको विषय उद्घोषसम्म गरेको देखिन्छ भने त्यसरी ठहरेको जरिवानाबापतको कैद के कसरी असुल गर्ने भन्ने सम्बन्धमा दण्ड सजायको ३८(१) नं. ले स्पष्ट सिमाङ्कन गरेको देखिन्छ। त्यसैले जरिवानाबापत कैद ठेक्दा सो ३८(१) नं. लाई बेवास्ता गर्न नमिल्ने।

निवेदकलाई फैसलाबमोजिम कैद ठेकिएको भन्ने विपक्षीहरूको लिखित जवाफ रहे तापनि त्यस्तो कानूनले तोकेको हदभन्दा बढी कैद बस्ने गरी कैद ठेकिएको अवस्थामा त्यस्तो कैदलाई दण्ड सजायको ३८(१) नं. को प्रतिकूल भएको मान्नु पर्ने देखिन आयो। सिन्धुपाल्चोक जिल्ला अदालतमा रिट निवेदकउपर चलेको डाँका र ज्यान मार्ने उद्योग मुद्दामा मिति २०६७।५।१२ मा निवेदक पक्राउ परी हालसम्म निरन्तर थुनामा रहेको देखिँदा सोही दिनदेखि ४ वर्ष १ महिना १५ दिनको सजाय भुक्तान भैसकेको देखिन्छ। निवेदकले फैसलाबमोजिम भोग्नुपर्ने कैद सजाय भुक्तान भइसकेको देखिएकाले फैसलाबमोजिमको बाँकी कैदको लगत कट्टा गरी निजलाई कैदबाट मुक्त गरिदिनु भनी विपक्षी कारागार कार्यालय, नुवाकोटसमेतका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहरेकाले निवेदक कुमार तामाङलाई अन्य व्यहोराबाट थुनामा राख्न नपर्ने भए तुरून्त थुनामुक्त गरिदिनु भनी सिन्धुपाल्चोक जिल्ला अदालतलाई पत्राचार गर्नु भनी आजै छुट्टै आदेश भइसकेकाले पुनः लेखिरहनु परेन। आदेशको प्रतिलिपिसहितको जानकारी सिन्धुपाल्चोक जिल्ला अदालतलाई पठाइदिनु पर्ने।

इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल चैत १३ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००६८, बन्दीप्रत्यक्षीकरण, *निशान भट्टराईको हकमा कोकिलबहादुर शाही वि. काठमाडौं जिल्ला अदालतसमेत*

विपक्षी महानगरीय प्रहरी वृत्त, थानकोटसमेतका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले ज्यान मार्ने उद्योग मुद्दाको अनुसन्धानको क्रममा निवेदक निशान भट्टराईलाई हिरासतमा लिइएको भए पनि निजको हकमा मुद्दा नचलाउने गरी निर्णय भई जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले हिरासतबाट छाडिदिनु भनी महानगरीय प्रहरी वृत्त, थानकोट काठमाडौंलाई च.नं. ४९५५, मिति २०७२।२।१३ को पत्र प्रेषित गरेको भनी बहसको क्रममा उक्त पत्रको छायाँप्रतिसमेत इजलाससमक्ष पेस गर्नु भएकाले निवेदक थुनामा रहेको देखिएन । यस स्थितिमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने औचित्य नै बाँकी रहेको नदेखिँदा मागबमोजिम आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-MS-००१०, अदालतको मानहानी, *दिनेश त्रिपाठी वि. एकिकृत नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) समेत*

"अदालतको जात के हो" भन्ने कुरा व्यङ्ग्यात्मक अभिव्यक्ति देखिन्छ । त्यस्तो शब्द प्रयोग गर्नेले त्यसको उद्देश्य जानेको हुनुपर्छ । जात छुट्याएर व्यवहार गरी हिँड्ने कुरा प्रजातान्त्रिक र आधुनिक जगतसँग शोभनीय हुने कुरा होइन । तथापि अदालतको जातको प्रश्न मात्रले अदालतको अवज्ञा गर्ने वा मर्यादा उल्लङ्घन गर्ने कुराको प्रत्यक्ष अभिव्यक्ति दिएको भन्न मिल्ने अवस्था छैन । अदालतको अपहेलना गर्नेसम्मको कार्य विपक्षीबाट भयो भएन भन्ने सन्दर्भलाई हेर्दा माथि प्रकाशित भएको उल्लिखित वाक्यको निरपेक्ष व्याख्याभन्दा पनि त्यसको सापेक्षित अर्थलाई हेर्नुपर्ने हुन आउँदछ । सन्दर्भ एउटा तर अर्थ बेग्लै दिने वाक्यलाई स्वतन्त्ररूपमा नहेरी त्यसको आशयसमेतलाई मध्यनजर राख्नु पर्दछ । यसरी हेर्दा उक्त वाक्यको सन्दर्भ शान्ति सम्झौताविपरीत विपक्षी दलका नेताहरूलाई मुद्दा लगाउने काम हुँदै आएको भनी सरकार विरूद्ध दिएको अभिव्यक्तिसँग जोडिएर रहेको देखिने ।

अदालतले आफूप्रति सम्बन्धित कतिपय कुरा अप्रिय भए पनि वाञ्छित हदसम्म अभिव्यक्तिको स्वतन्त्रताको सम्मानको रूपमा सहन वा ग्रहण गर्नुपर्ने हुन्छ जुन अदालतले गरिआएको पनि छ । अत्यन्त शुक्ष्मसंवेदी भएर राजनीतिक नेता वा कार्यकर्ताको हरेक अभिव्यक्तिविरूद्ध अपहेलनामा कारवाही आकर्षित गरिरहन मिल्ने हुँदैन । प्रयुक्त शब्दको स्वाभाविक र न्यूनतम अर्थमा बुझी विचार गर्नुपर्ने हुन्छ । लोकतन्त्रको आधारस्तम्भ विधिको शासन हो । विधिको शासन कायम गराउने राज्यको मुख्य अङ्गको रूपमा रहेको न्यायपालिकालाई अक्षुण र स्वतन्त्र राख्ने दायित्व राजनीतिक दल र तिनका नेताहरूको हो । राजनैतिक दल वा नेताले अदालतप्रति देखाउने व्यवहार र अभिव्यक्त गर्ने विचारबाट आम जनमानसमा अदालतप्रतिको दृष्टिकोण र विश्वसनीयता निर्माण हुन्छ भन्ने कुरा जिम्मेवार व्यक्तिहरूले हेक्का राख्नु पर्दछ । आफूमात्र आदर्शवान अरूलाई तुच्छ ठान्ने सोच लोकतान्त्रिक हुन सक्दैन । सबैको सहअस्तित्वलाई स्वीकार गर्नु नै लोकतान्त्रिक संस्कार र आचरण हुने हुँदा व्यक्ति सर्वश्रेष्ठ भैरहने तर लोकतान्त्रिक पद्धति आलोच्य हुने भन्ने हुँदैन । त्यसमा पनि पत्रिकामा लेखेका कुरालाई विपक्षीले आफूले बोलेको होइन भनी इन्कार गरेको र पत्रिकाले बङ्ग्याएको भन्ने जिकिर लिएको

देखिँदा यस्तो अवस्थामा विपक्षीलाई अपहेलनामा सजाय गर्नु पर्नेसम्मको कारण नदेखिएकाले निवेदकको दाबी नपुग्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०१४६, फैसला बदर, *राष्ट्रिय वाणिज्य बैङ्क मुख्य शाखा कार्यालय, काठमाडौं वि. लालप्रसाद श्रेष्ठसमेत*

तत्कालीन समयमा पुनरावेदक बैंकको दाबीको सम्पत्तिमा कुनै सरोकार वा सम्बन्ध रहेको नदेखिई प्रतिवादी लालप्रसादको हक सिर्जना भैसकेको अवस्थामा निजको मन्जुरी नै नलिई दर्तावाला सिक्किनमानले मिति २०४८।१०।४ मा मथुराप्रसादलाई र मथुराप्रसादले मिति २०५०।२।२८ मा श्री डिस्टिलरीलाई हक हस्तान्तरण गरेको जग्गा धितो राखी मिति २०५०।११।२२ मा ऋण प्रवाह भएपछि मात्र सो सम्पत्तिमा बैंकको सरोकार रहेको देखिँदा अ.बं. ८६ नं. बमोजिम उक्त फैसला बदरमा बैंङ्कको दाबी गर्ने हकदैया रहने अवस्था नदेखिने ।

श्री डिस्टिलरीले आफ्नो हक नपुग्ने सम्पत्तिमा हक पुग्ने भनी ऋणबापतमा धितो सुरक्षण दिएको र धितो सुरक्षण कच्चा ठहरी असुल हुन नसक्ने अवस्था भएको भए सो सम्बन्धमा कानूनले कुनै उपचारको मार्ग निर्देश गरेको भए सो मार्ग अवलम्बन गरी आफ्नो लेना असुल गर्नेतर्फ लाग्नु पर्नेमा त्यसतर्फ बैंङ्कले कुनै कारवाही चलाएको भन्ने पनि मिसिलबाट देखिएको छैन । यसप्रकार दाबीको सम्पत्तिमा पुनरावेदक बैंकले धितो सुरक्षण लिनु अगाबै सिक्किनमानको पूरा हक नरही लालप्रसादको समेत आधा हक लाग्ने अवस्था भई सोही सम्पत्ति सिक्किनमानले मथुराप्रसादलाई हक हस्तान्तरण गरेको देखिँदा मथुराप्रसादको पनि सो सम्पत्तिमा आधा नै हक हुने हुँदा पूरा हक रहने अवस्था हुँदैन । यसरी दाबीको आधा सम्पत्तिमा मथुराप्रसादकै हक नपुगेको अवस्थामा निजले श्री डिष्टिलरीलाई हक हस्तान्तरण गरिदिएको र उक्त सम्पत्ति धितो सुरक्षणमा लिएको कारणले मात्र साझेदारी मुद्दाको फैसला बदर गरी पाउन माग गर्ने हकदैया यी पुनरावेदक बैंकलाई रहेको नदेखिँदा प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिएका आधार र पुनरावेदकका तर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू लालप्रसाद श्रेष्ठ र सिक्किनमान थैवका बिचमा चलेको करारबमोजिम साझेदार कायम गरिपाउँ भन्ने मुद्दामा सर्वोच्च अदालतबाट मिति २०५६।५।२८ मा भएको फैसलासमेत बदर गरिपाउँ भन्ने वादीको फिराद खारेज हुने ठहर्‍याएको सुरू रुपन्देही जिल्ला अदालतको मिति २०६०।३।१७ को फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

शाखा अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल पुस २८ गते रोज २ शुभम् ।

यसै लगाउका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०१४७, फैसला बदर, राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य कार्यालय, काठमाडौं वि. लालप्रसाद श्रेष्ठसमेत

## इजलास नं. २

१

**मा.न्या.श्री गिरिश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०२४६, कर्तव्य ज्यान, *प्रदीप थापा वि. नेपाल सरकार*

घटनाको सिलसिलाले जाहेरी दरखास्तलाई पुष्टि गरेको र घटनाको तत्कालै रन्जु थापाले जाहेरवालालाई पति पत्नी बिचको विवादमा प्रतिवादीले मृतकको दाहिने कोखामा खुकुरी प्रहार गरेको भनी बताएको भनी इन्द्रबहादुर थापाले जाहेरी दिएको अवस्थाबाट घटनाका प्रत्यक्षदर्शीले घटनाको तत्कालै व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(१) बमोजिम प्रमाणको रूपमा लिनुपर्ने नै देखिन आयो । अर्कोतर्फ मृतकको मृत्यु सोबाहेक अन्य कारणबाट भएको भन्ने कुरा कहीँ कतैबाट पुष्टि हुन नसकेको अवस्था र प्रतिवादीले अदालतमा बयान गर्दा आफू निर्दोष छु भन्ने कुनै स्वतन्त्र एवम् विश्वसनीय साक्षी प्रमाण दिन नसकेको आधार प्रमाणबाट यी प्रतिवादीको कर्तव्यबाट नै मृतक राजु थापाको मृत्यु भएको देखिन आयो। तसर्थ सुरू जिल्ला अदालतबाट यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।११।१ को फैसला मिलेकै देखिने।

प्रतिवादीले मृतकलाई मार्नु पर्नेसम्मको मनसाय राखी पूर्व रिसइबी लिई सुनियोजित ढङ्गबाट कसुर गरेको नदेखिएको, दाजु भाउजू बिच भएको झगडा मिलाउने सिलसिलामा तत्कालै खुकुरी खोसाखोस गर्दा सोही खुकुरीको प्रयोग हुन गै वारदात घट्न गएको परिस्थितिलाई दृष्टिगत गर्दा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ६ वर्ष कैदको सजाय हुन राय लगाई गरेको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।११।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६७-WO-०६५७, कर्तव्य ज्यान, *विष्णुबहादुर पोडेसमेत वि. तुलसीप्रसाद सुवालको जाहेरीले नेपाल सरकार*

उक्त वारदातस्थलमा मृतकसँगै रहेका प्रत्यक्षदर्शी सुनिल भेले, अनिल तमखु, राम सुन्दर तमखुले पुनरावेदक प्रतिवादी माइक भन्ने विष्णुकुमार पोडेले मृतक कृष्ण सुवाललाई छुरी प्रहार गरेको, विष्णुबहादुर पोडे, सुनिलकुमार देउला पोडेसमेतले हात मुक्काले प्रहार गरी मृतकलाई समातेको देखेका हौं भनी अधिकारप्राप्त अधिकारीसँग गरेको सनाखत कागज र सोही व्यहोरा उल्लेख गर्दै अदालतमा आई बकपत्र गरेबाट वारदातमा यी पुनरावेदकहरूको प्रत्यक्ष संलग्नता रहेको कुरा पुष्टि भएको देखिन्छ । घटनाका प्रत्यक्षदर्शी सो घटनाका प्रत्यक्ष प्रमाणको रूपमा मानिन्छन् । प्रस्तुत वारदात प्रत्यक्षरूपमा देख्ने यी सुनिल भेलेसमेतका व्यक्तिहरूले अदालतमा साक्षीको रूपमा उपस्थित भै गरी दिएको बकपत्र प्रत्यक्ष प्रमाण भएको हुँदा पुनरावेदक प्रतिवादी विष्णुबहादुर

पोडेको अदालतसमक्षको इन्कारी बयानबाट मात्र उक्त वारदातमा निजको संलग्नता थिएन होइन भनी भन्न मिल्ने नदेखिएन।

पुनरावेदक प्रतिवादी माइक भन्ने विष्णुकुमार पोडेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी विष्णुबहादुर पोडेलाई ऐ. महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

पुनरावेदक प्रतिवादी विष्णुकुमार पोडे वारदात समयमा १७ वर्षको कलिलो उमेरको भएको, मृतक पक्ष र प्रतिवादी पक्षबिच जिस्क्याउने जस्ता कार्यबाट वारदात सिर्जना भएको, प्रतिवादीहरूमा जातिय विभेदका कारण सामाजिक तनाव को अवस्था देखिएको सामाजिकरूपमा यी पुनरावेदक प्रतिवादीलाई विभेद गर्ने गरेको कारण त्यस्तो विभेदबाट सिर्जित मानसिकताले मृतकप्रति प्रतिशोध उत्पन्न भएको र सोही उद्देश्य लिई वारदात घट्न गएको देखिन्छ। यी पुनरावेदक प्रतिवादीको मृतकलाई नै मार्ने मनसायकासाथ पूर्वयोजना भएको नदेखिएको, मृतक पक्षका मानिसहरूको उत्तेजित व्यवहारका कारण आवेशमा आई कसुर अपराध गरेको, पुनरावेदक प्रतिवादीहरू एकै परिवारका बाबु र छोरा नाताका व्यक्ति भएका दुवैजनाको वारदातमा संलग्नता रही कैदमा बस्नु परेको अवस्थामा पारिवारिक विचलन भई घर परिवार नै छिन्न भिन्न हुनसक्ने अवस्था रहेकाले निजको शारीरिक, आर्थिक, सामाजिक र पारिवारिक स्थितिसमेतको आधारमा सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएको हुँदा अ.बं. १८८ नं. बमोजिम पुनरावेदक प्रतिवादी विष्णुकुमार पोडेलाई समेत १० वर्ष कैद हुन्छ। साथै पुनरावेदक प्रतिवादी माइक भन्ने विष्णुबहादुर पोडेको सम्बन्धमा निज समेत अपराधको पूर्व योजनामा सामेल नभएको छोरालाई खोज्दै जाँदा वारदातस्थलमा पुगेको र वारदातस्थलको अवस्था अनुसार कसुरमा संलग्न भएको देखिनाले निजलाई जन्मकैद गर्दा चर्को पर्ने हुँदा १० वर्ष कैद सजाय हुन लगाएको राय सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।४।२५ को फैसला र लगाएको रायसमेत सदर हुन्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दिलीप राज पन्त

कम्प्युटर गर्ने : कल्पना बर्तौला

इति सवंत २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-RC-००८३, कर्तव्य ज्यान, *कृष्णबहादुर सुनुवारको जाहेरीले वादी नेपाल सरकार वि. सम्झना सुनुवार*

नवजात शिशु अन्दाजी ९ महिनाको पुरूष जातक बच्चा जन्मपश्चात निसासिएर मरेको व्यहोराको जिल्ला स्वास्थ्य कार्यालय, रूम्जाटार अस्पतालको मिति २०६७।९।२६।४ को पत्रमा स्पष्ट उल्लेख भै आएको पाइन्छ। प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, अस्पतालको पत्र, पेटको बायाँ साइडमा दाग भएको, साँढे एक फुट उचाइ, सालनाल बेरिएको, लिङ्ग काटिएको नभएको भन्नेसमेत व्यहोराको घटनास्थल लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतक जातक प्रतिवादीबाट नै जन्मिएको भन्ने कुरामा कुनै विवाद देखिँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र

उक्त प्रतिवादीको साबिती बयानलाई वादी प्रतिवादीका साक्षीहरूले गरेको बकपत्र आदि प्रमाणबाट पुष्टि भएको अवस्थामा, प्रतिवादीले उक्त बच्चा मृत अवस्थामा जन्मेको कारण गाउँ समाजबाट हेला होचो हुन्छ भन्ने कलङ्कबाट बच्न ट्वाइलेटमा फालेकि हुँ, मारेको होइन भनी अदालतमा बयान गरेको देखिन्छ। नवजात शिशुको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको अवस्थामा प्रतिवादीहरूले मृतक नवजात शिशुलाई कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित तबरले पुष्टि हुने । परपुरूषको संसर्गबाट अवैधरूपमा गर्भधारण हुन गई जन्मेको जातकलाई ट्वाइलेटमा फालेको स्वयम् प्रतिवादीले स्वीकार गरेको अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान, अदालतमा भएको बयान, ट्वाइलेटमा फालेको कुरामा स्वीकार गरेको प्रतिवादीको बयान, ओखलढुङ्गा अस्पतालको पत्र शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट मृतक जातक प्रतिवादीबाट नै जन्मिएको भन्नेमा कुनै विवाद नदेखिनुका साथै बच्चा परपुरूषसँग करणी भई मिति २०६७।८।२५ मा जन्मिएको र जन्मपश्चात् आफ्नै घरको ट्वाइलेटमा फालिएको अवस्थामा मृत्यु भएको तथ्य सबुद प्रमाणद्वारा मालाकाररूपमा पुष्टि भएको अवस्थामा सुरू अदालतबाट कसुरको प्रकृतिबमोजिम अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वोश्वसहित जन्म कैद हुने।

जिल्ला अदालतबाट अ.ब.१८८ नं.बमोजिम व्यक्त रायको सम्बन्धमा बिचारगर्दा, आफूले अवैधरूपमा गर्भधारणका कारण सामाजिकरूपमा आफू बदनाम हुनसक्ने भन्ने हेतुबाट सामाजिक लोकापवादबाट जोगिनका निम्ति निज प्रतिवादी सम्झना सुनुवारले जातकको हत्या गरिएको हुँदा सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने भई निजलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैंद सजायको राय पेस गरेको राय मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कात्तिक १३ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०३००, परमादेश, *असारमायाँ राई वि. मालपोत कार्यालय उदयपुर, गाइघाट*

विवादको कित्ताहरूमध्ये कि.नं. ११३९ को जग्गा पुनरावेदक असारमायाँ राई र भगवती राईको नाउँमा छुट्टाछुट्टैरूपमा दोहोरो दर्ता स्रेस्ता कायम भएकाले सम्बन्धित निकायबाट टुङ्गो लागी आएपछि ठहरेबमोजिम हुने तथा उक्त जग्गाबाट कुनै कारोबार नगर्ने गरी उक्त जग्गालाई रोक्का समेत राखिएको कुरा मालपोत कार्यालय, उदयपुरको लिखित जवाफबाट देखिन आएबाट विवादको जग्गा दोहोरो दर्ता स्रेस्ता कायम भई हक स्वामित्वमा विवाद देखिइरहेको अवस्थामा दोहोरो स्वामित्वको सम्बन्धमा किनारा नलगाई विवादको जग्गालाई निवेदन मागबमोजिम राजीनामा लिखत पारित गर्नको लागि परमादेश जारी गर्न नमिल्ने हुन्छ भने अर्कोतर्फ विवादको कि. नं. १३५४ को जग्गाको हकमा पुनरावेदकले रजिस्ट्रेसन लिखत पारित गर्नको लागि मालपोत कार्यालय गएको भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिन नआएको अवस्थामा पुनरावेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत, राजविराजले गरेको आदेशलाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०३०१, परमादेश, *हरिकुमारी भुजेल वि. जिल्ला मालपोत कार्यालय उदयपुर, गाइघाट*

पुनरावेदकले प्रत्यर्थी कार्यालयमा पेस गरेको विवादका जग्गाहरूको जग्गाधनी प्रमाण पूर्जामा केरमेट भएको अक्षर र मसी फरक परेको भन्ने कुरा प्रत्यर्थी कार्यालयको लिखित जवाफबाट देखिएको छ। प्रस्तुत मुद्दामा पुनरावेदकले र प्रत्यर्थी कार्यालयले पेस गरेको विवादका जग्गाहरूको मिसिल संलग्न जग्गाधनी प्रमाण पूर्जा हेर्दा दुवै एकै मिलानको नभई फरकफरक प्रकृतिको देखिन्छ। यस्तो अवस्थामा कानूनबमोजिम गठित कार्यालयले कानूनबमोजिमका कुनै पनि काम कारवाही गर्ने क्रममा आफूसमक्ष पेस हुन आएका लिखत प्रमाणलाई गहनरूपमा अध्ययन गरी केलाएर हेर्नु पर्ने नै हुन्छ भने अर्कोतर्फ निवेदकले पनि आफ्नो पक्षका प्रमाण कागजहरू सही, सत्य र शुद्धरूपमा पेस गरेको हुनुपर्छ। प्रस्तुत मुद्दामा निवेदकले सोबमोजिमका कागजात पेस गर्न सकेको नदेखिने।

अत:एव विवादास्पद कागजातका आधारमा कुनै पनि वैधानिक निकाय वा अधिकारीले निर्णय गर्ने काम गर्न नहुने हुँदा विवादास्पद अवस्थामा निवेदकको मागबमोजिम परमादेशको आदेश जारी हुन नसक्ने भनी पुनरावेदकको निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको आदेशलाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-१०१७, निषेधाज्ञा, *जगदीशप्रसाद राढ वि. हनुमानप्रसाद राढसमेत*

विवादको जग्गा सार्वजनिक बाटो भएको र उक्त सार्वजनिक जग्गा मिचेर घर बनाउन लागेकाले रोकिपाउँ भन्ने पुनरावेदक जगदीशप्रसाद राढको मुख्य निवेदन मागदाबी रहेकामा विपक्षीमध्येका सोनपुर गाउँ विकास समितिको कार्यालयको मिसिल संलग्न मिति च.नं. ७१६ मिति २०६९।१२।५ को प्रत्यर्थी हनुमानप्रसाद राढलाई दिएको पत्रमा उक्त जग्गा हनुमानप्रसाद राढको भोग चलनमा नै रहेको देखिएको हुँदा निजलाई घर बनाउनको लागि अनुमति प्रदान गरेको देखिँदा प्रत्यर्थी हनुमानप्रसाद राढले कानूनबमोजिमको प्रक्रिया सम्पन्न गरी उक्त जग्गामा घर बनाउन सुरू गरेको मिसिल संलग्न कागज प्रमाणबाट देखिने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८ (१)(ट)(९) मा गाउँ विकास समितिको काम कर्तव्य र अधिकारअन्तर्गत गाउँ विकास समितिको स्वामित्व तथा नियन्त्रणमा रहेको चल अचल सम्पत्तिको संरक्षण गर्ने भनी उल्लेख गरेको र कानूनबमोजिम आफ्नो स्वामित्व तथा नियन्त्रणमा रहेको चल अचल सम्पत्तिको संरक्षण गर्नुपर्ने कर्तव्य भएको गा.वि.स.को कार्यालयले सार्वजनिक भनिएको विवादित जग्गा भएको ठाउँमा गई अनुगमन गर्दा प्रत्यर्थी हनुमानप्रसाद राढले निजकै जग्गामा घर बनाउन लागेको देखिएको भनी उल्लेख गरेको व्यहोरालाई अन्यथा होला भनी अनुमान गर्न नमिल्ने।

कसैले सार्वजनिक जग्गा, बाटो, निकास मिचेर घर टहरा बनाए त्यो जहिलैसुकै पनि भत्काउन सकिने र सार्वजनिक जग्गा, जमीन, बाटो, तलाउ कसैले मिचे कानूनबमोजिम जहिलेसुकै पनि बदर हुन सक्ने नै हुँदा पुनरावेदक जगदीशप्रसाद राढको निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७०।१।१५ मा भएको अन्तिम आदेश मिलेकै

देखिँदा सदर हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत १७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-१०६१, मोही लगत कट्टा, *लक्ष्मीकुमारी ढकाल वि. चुण्डा सोरेन सतार*

भूमिसुधार कार्यालयमा रहेको तथ्यगत प्रमाणको विरूद्ध अन्यत्र खडा भएको कागजातहरू मोहीको लगत सम्बन्धमा प्रमाणयोग्य मान्न मिल्ने पनि होइन । मोहीको लगत सम्बन्धमा वादी पक्षले आधिकारिक निकायबाहेक अन्य कार्यालयबाट प्राप्त गरेको कागजातमा मोही उल्लेख नहुँदैमा भूमिसुधार कार्यालयमा रहेको तथ्यगत प्रमाणको विपरीत प्रतिवादीका बाबु सुफल सतार मोही हुँदै होइन भन्न सकिने अवस्था देखिन नआउने ।

तोकिएको कुत नबुझाए मोहियानी हक समाप्त भएर जान्छ भन्ने वादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९ बमोजिम मोहीले तोकिएको कुत नबुझाए मोहीयानी हक समाप्त हुनसक्ने देखिन्छ । तर यी निवेदक वादी लक्ष्मीकुमारी ढकालले तोकिएको कुत नबुझाएतर्फ छुट्टै उजुर गरेको पनि नदेखिएको एवम् मोहीको लगत कट्टा गराई माग्न भूमिसुधार कार्यालयमा दरखास्त गर्दासमेत सो कुराको जिकिर लिन सकेको नदेखिँदा प्रतिवादीको मोहीयानी हक समाप्त भएको मान्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ को २०५३ र २०५८ सालमा भएको चौथो संशोधनद्वारा थप तथा पाँचौ संशोधनद्वारा थप व्यवस्थापश्चात् पनि उक्त ऐनको दफा २६(१)(ग) यथावत रहेको देखिन्छ । यसले भूमिसम्बन्धी ऐनको दफा २६(१)(ग) बमोजिम पनि मोहीयानी हक समाप्त हुने हो भन्ने सन्दर्भमा हेर्दा भूमिसम्बन्धी ऐनको दफा २६(१)(ग) र उक्त ऐनको २०५३ र २०५८ सालमा दफा २६ख, २६घ र २६घ२ मा भएको चौथो संशोधनद्वारा थप एवम् पाँचौं संशोधनद्वारा थप व्यवस्थापश्चात् भएको कानूनी व्यवस्थालाई एकै ठाउँमा व्याख्या गर्नुपर्ने ।

पुनरावेदक प्रतिवादी चुण्डा सोरेन सतारको बाबु सुफल सतार दाबीको कि.नं. ९३२ र ९३४ को जग्गामा मोही स्वीकार गरी जग्गा खरिद गरेपछि आफैँ जोतभोग गरेकाले उक्त जग्गाको मोही लगत कट्टा गरिपाउँ भन्ने वादी लक्ष्मीकुमारी ढकालको दाबी उपरोक्त कानून तथा प्रतिपादित सिद्धान्तसमेतको रोहमा खम्बिर भएको देखिएकाले मोही लगत कट्टा हुने ठहर्‍याएको भूमिसुधार कार्यालय, भद्रपुर झापाको फैसलाबदर गरी मोही लगत कट्टा नहुने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।५।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-MS-००१९, अदालतको अपहेलना, रामजी भन्ने *गंगाबहादुर पन्तसमेत वि. मालपोत कार्यालय, बारा, कलैयासमेत*

आदेशानुसार झिकाइएको मालपोत कार्यालय, बाराको कारवाही मिसिलबाट निवेदकहरूको निवेदन सम्बन्धमा हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेको एवम् गा.वि.स. को रोहबरमा हकभोगको स्थलगत सर्जमिनसमेत सम्पन्न भइसकेको देखिएको र अदालतको अपहेलना गरेको तथा गर्ने मनसाय र उद्देश्यसमेत नरहेको भनी

विपक्षी मालपोत कार्यालय, बाराको प्रमुख मालपोत अधिकृतको लिखित जवाफसमेत रहेकाले जो बुझ्नुपर्ने हो बुझी निवेदकहरूको नाउँमा जग्गा दर्ता हुने वा नहुने सम्बन्धमा निर्णय गर्ने हुँदा र सो गर्न मालपोत कार्यालय असहमत नरहेकाले अदालतको अपहेलनामा सजाय गरिरहने अवस्थाको विद्यमानता नरहेकाले अपहेलनामा सजाय गरिपाउँ भन्नेसमेतको निवेदकको निवेदन दाबी पुग्न सक्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७२ साल भदौ २८ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०३२७, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *घरेलु तथा साना उद्योग कार्यालय, पर्साका तर्फबाट ऐ. का प्रमुख उद्योग अधिकृत बिमलप्रसाद बराल वि. प्रो.गुलावप्रसाद चौरासिया*

निवेदकले आफूले सञ्चालन गरेको उद्योग बन्द गर्न विपक्षी कार्यालयले पत्र पठाएको र निर्णय प्रतिलिपि माग गर्दा विपक्षी कार्यालयले निर्णय नै नभएको, पत्र नै निर्णय भएको भनी जवाफ दिएकाले कुनै निर्णय भएको भए उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदन दाबी भए पनि उक्त निर्णय भएको भनी स्वयम् निवेदकले भन्न नसकेको र निवेदकको कुखुरा फार्म बन्द गर्ने सम्बन्धमा कुनै निर्णय नभएको भन्ने विपक्षी घरेलु तथा साना उद्योग कार्यालयको लिखितजवाफबाट देखिँदा निर्णय नै नभएको विषयमा निवेदन मागबमोजिम उत्प्रषणको आदेश जारी गरिरहनु नपर्ने ।

नेपाल औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ मा कसैले अनुमती वा दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तहरू पालना नगरेमा त्यस्तो उद्योग बन्द गराउने अधिकार नेपाल सरकारको हुने र त्यस्तो कारवाही गर्नु अघि सो विषयमा सम्बन्धित उद्योगलाई स्पष्टीकरण पेस गर्न वा आफूले गरेको भूल सुधार गर्न मनासिवको माफिकको मौका दिइनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । विपक्षीको लिखित जवाफमा निवेदकलाई मनासिब माफिकको मौका दिइएको, सर्तहरू पालना गरेरमात्र उद्योग सञ्चालन गर्न जानकारी गराइएको भनी उल्लेख गरे पनि कानूनबमोजिमको यो यस्तो प्रक्रिया पूरा गरी निवेदकलाई स्पष्टीकरण पेस गर्न भनिएको र भूल सुधार गर्ने यो यस्तो मुनासिफ मौका दिइएको हो भनी स्पष्टसँग जिकिर लिन सकेको देखिँदैन भने लिखित जवाफसाथ सो सम्बन्धी कुनै कागज प्रमाण पनि पेस गरेको देखिँदैन । यिनै निवेदकले यिनै विपक्षीउपर दायर गरेको रिट नं. ०६९-wo-००५१ को उत्प्रेषण निषेधाज्ञा परमादेशको निवेदनमा यसअघि पुनरावेदन अदालतबाट निवेदकले इजाजत लिई उद्योग सञ्चालन गरेकामा के कुन सर्त पालना नगरेको हो ? सफाई पेस गर्ने मौकासमेत दिई कानूनी प्रक्रिया पूरा गरी कार्वाही गर्ने गरी परमादेश आदेश जारी भएको प्रमाणमा आएको मिसिलबाट देखिन्छ । यसरी अदालतको आदेश एवम् कानूनले स्पष्टरूपमा तोकेको कर्तव्य पालना नगरी विपक्षी घरेलु तथा साना उद्योग कार्यालयबाट निवेदकको उद्योग बन्द गर्ने विषयको पत्र निवेदकलाई पठाइएको देखिएकाले विपक्षीको सो कार्यबाट कानूनबमोजिम स्पष्टीकरण पेस गर्ने र भूल सुधार गर्ने मनासिब माफिकको मौका प्राप्त गर्ने कानूनी हकबाट निवेदक वञ्चित हुने अवस्था भएकाले विपक्षी घरेलु तथा साना उद्योग कार्यालयसमेतको विरूद्धमा परमादेश जारी हुनुपर्ने ।

विपक्षीहरूको लिखित जवाफ हेर्दा निवेदकले सञ्चालन गरिएको भनिएको कुखुरा फार्म बन्द गर्ने

सम्बन्धमा विपक्षी घरेलु तथा साना उद्योग कार्यालयबाट निवेदकको नाउँमा पत्र पठाइएको देखिएको र सो विषयमा बोधार्थ विपक्षी जिल्ला प्रशासन कार्यालयलाई भएको देखिँदा विपक्षीहरूबाट निवेदकको कुखुरा फर्म बन्द गराउने सक्ने प्रवल सम्भावनासमेत देखिन आएकाले निवेदन दाबीबमोजिम विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेशसमेत जारी हुनुपर्ने।

अतः माथि प्रकरणहरूमा विवेचित आधार कारणसमेतबाट उत्प्रेषणको आदेश जारी नहुने, निवेदन मागबमोजिम परमादेश र निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।३।५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-**CI**-०७९४, उत्प्रेषण, *तेजबहादुर महत वि. नेपाल बङ्गलादेश बैंक लिमिटेड, नेपालगञ्जसमेत*

निवेदक र विपक्षी साल्ट ट्रेडिङ्बिच स्थलमार्गबाट नुन ढुवानी गर्ने सम्बन्धमा मिति २०६८।१२।२० गते सम्झौता भएको र सो सम्झौताबमोजिम निवेदकले नुन ढुवानी नगरेको तथ्यलाई निवेदकले अन्यथा भन्न सकेको नदेखिँदा सो तथ्यमा कुनै विवाद रहेको देखिएन । उक्त सम्झौताबमोजिम निवेदकले नुन ढुवानी नगरेकाले विपक्षी साल्ट ट्रेडिङ कर्पोरेसन लि. ले विपक्षीबाट लिनुपर्ने रकमको हिसाब गरी सम्झौताबमोजिम धरौटी जफत गरी उक्त धरौटीबाट विपक्षीबाट लिनुपर्ने क्षतिपूर्तिको रकम नपुग हुँदा विपक्षीले साल्ट ट्रेडिङको नाममा राखिएको जमानत रकम दाबी गरी नेपाल बङ्गलादेश बैंक, नेपालगञ्जलाई पत्राचार गरिएको हो भनी विपक्षी साल्ट ट्रेडिङले लिखित जवाफ पेस गरेको देखिन्छ। पुनरावेदन मिसिल संलग्न रहेको निवेदक र विपक्षीबिच २०६८।१२।२० मा भएको स्थलमार्गबाट नून ढुवानी गर्नेबारेको सम्झौताको १० नं. बुँदामा मासिक अवधिभित्र ढुवानी गर्न तोकिएको परिमाणको ७५ प्रतिशत नून ढुवानी गर्न नसकेमा कर्पोरेसनले चल्तीको दररेटमा तोकिएको परिमाणको नून ढुवानी गराउने र सोबापत लाग्ने बढी खर्च ढुवानीकर्ताले पाउने जुनसुकै रकमबाट कट्टा गरी भुक्तानी गरिने र सोले नखामेमा प्रचलित कानूनबमोजिम असूलउपर गरिने छ भन्ने सर्त रहेको देखिन्छ। सम्झौतामा उल्लिखित सर्तबमोजिम नून ढुवानी कार्य निवेदकले गर्न नसकेकाले सोको हर्जनाबापत सम्झौताको उक्त १० नं. बुँदामा रहेको सर्तबमोजिम ढुवानीकर्ता यी पुनरावेदक निवेदकले पाउने जुनसुकै रकमबाट असुलउपर गर्न विपक्षी साल्ट ट्रेडिङ कर्पोरेसनले नपाउने भनी मान्न मिलेन। निवेदकले पछिल्लो पटक आ.व. २०६९।७० को लागि नून ढुवानी सम्बन्धमा प्रकाशित सूचनाअनुसार राखेको बैंक जमानतको रकमबाट हर्जनाबापतको रकम असुलउपर गर्न विपक्षीले पाउने नै देखिएको र सो असुलउपर गर्ने प्रयोजनार्थ पठाएको विपक्षी साल्ट ट्रेडिङ कर्पोरेसनको २०६९।९।१७ को धरौटी दाबीसम्बन्धी पत्रलाई अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।२।१ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०८६९, उत्प्रेषण, *डिलबहादुर कार्की*

*वि. पुनरावेदन अदालत, बागलुङसमेत*

वादी नेपाल सरकार प्रतिवादी गुमान सिंह कार्कीसमेत भएको "झुट्ठा विवरण पेस गरी नेपाली नागरिकता लिएको" मुद्दामा जाहेरवाला डिलबहादुर कार्की, प्रतिवादी जुठीकुमारी कुँवर र प्रतिवादी गुमानसिं कार्कीबिचमा डि.एन.ए. परीक्षण गराउन राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, ललितपुर खुमलटार पठाउनु र परीक्षणबापतको दस्तुर जाहेरवाला डिलबहादुरबाट लिई परीक्षण रिपोर्ट प्राप्त भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने आदेश बागलुङ जिल्ला अदालतबाट मिति २०७०।११।१९ मा भएको देखिन्छ । बागलुङ जिल्ला अदालतबाट डि.एन.ए. परीक्षण गराउने भनी भएको आदेश अ.बं. १७ नं. बमोजिम बदर गरिपाउँ भनी विपक्षी सुजन थापाले गुमानसिं कार्कीका नामबाट निवेदन दिएकामा पुनरावेदन अदालत, बागलुङबाट मिति २०७१।१।४ गते जिल्ला अदालतबाट भएको मिति २०७०।११।१९ को आदेश बदर गरिदिएको देखिन्छ । वादी नेपाल सरकार भई चलेको झुट्ठा व्यहोरा लेखाई दोहोरो नागरिकता लिएको मुद्दामा पुनरावेदन अदालत, बागलुङबाट भएको आदेशउपर मुद्दाको पक्ष नेपाल सरकारले नै पुनरावेदन नगरी चित्त बुझाई बसेको स्थितिमा यी मुद्दाका पक्ष नै नभएका र केवल जाहेरवाला मात्र रहेको मिसिलबाट देखिन आयो। यी निवेदक मुद्दाको पक्ष नै नदेखिएको अवस्थामा पुनरावेदन अदालत, बागलुङबाट मिति २०७१।१।४ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी निवेदन गर्ने हकदैया नै नभएको हुँदा हकदैयाको अभावमा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ१४ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०८७०, उत्प्रेषण, *डिलबहादुर कार्की वि. पुनरावेदन अदालत, बागलुङसमेत*

वादी मिना सापकोटा प्रतिवादी डिलबहादुर कार्कीसमेत भएको अंश मुद्दामा प्रतिउत्तर परेपछि जुनसुकै अवस्थामा पुनर्विचार हुनसक्ने गरी निवेदन मागबमोजिम ४ भागको १ भागको २ भाग रोक्का राख्ने गरी मिति २०६८।२।१७ मा बागलुङ जिल्ला अदालतबाट आदेश भएको र सो आदेशलाई पुनरावेदन अदालत, बागलुङबाट सदर भइरहेको मिसिल संलग्न लिखित जवाफबाट देखिन्छ । अंश मुद्दाको कारवाहीको क्रममा वादीको अंश भागको जग्गासम्म रोक्का राखेकामा पछि सबुद प्रमाणको मूल्याङ्कन गरी वादी प्रतिवादीहरू अंशियार हुन्, होइनन् वादीले प्रतिवादीबाट अंश पाउने वा नपाउने के हो भन्ने कुराको निर्णय मुद्दाको फैसला हुँदाका बखत ठहरेबमोजिम हुने नै भएकाले तल्लो तहको अदालतको निर्णयमा हस्तक्षेप हुने गरी आदेश गर्न मिल्ने देखिएन । बागलुङ जिल्ला अदालतबाट अंश भागको जग्गा मात्र रोक्का राख्ने गरी भएको आदेश अ.बं. १७ नं. बमोजिम बदर गरिपाउँ भनी विपक्षीले निवेदन दिएकामा पुनरावेदन अदालत, बागलुङबाट वादीहरूको अंश भागसम्म जग्गा रोक्का राख्ने गरी बागलुङ जिल्ला अदालतबाट मिति २०६८।२।१७ मा भएको आदेश परिवर्तन गर्नु नपर्ने भनी पुनरावेदन अदालत, बागलुङबाट मिति २०६८।९।२१ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गर्नु पर्ने देखिन आएन । निवेदन लेखबाट समेत पुनरावेदन अदालत, बागलुङको आदेशबाट निवेदकको के कस्तो कानूनी हक अधिकारमा आघात पुगेको हो सोसमेत स्पष्टरूपमा खुलाउन सकेको देखिएन । अतः उल्लिखित आधार

कारणहरूसमेतबाट निवेदकको मागबमोजिम आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ१४ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०१९८, उत्प्रेषण / प्रतिषेध / परमादेश, *उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिकारप्राप्त अधिवक्ता विष्णुप्रसाद तिमिल्सिना वि. नेपाल विद्युत् प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत*

निवेदकले नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ६ ले ५ प्रतिशतमा नबढ्ने गरी मात्र परिवर्तन गर्न सकिने कानूनी व्यवस्था रहेकामा विद्युत् महसुल २० देखि १४० प्रतिशतसम्म बढाउन लागेको विषय सार्वजनिक भएको भनी उल्लेख गरेकामा सो सम्बन्धमा विद्युत् महसुल निर्धारण गर्ने आधिकारीक निकाय विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल वृद्धिको कुनै निर्णय नगरेको भनी उल्लेख गरेको र प्राधिकरणको कार्य कानूनबमोजिम नियमित हुने भन्ने नेपाल विद्युत् प्राधिकरणको जवाफ रहेको अवस्थामा विद्युत् महसुल वृद्धिको आशङ्का देखाइ प्रस्तुत रिट दायर भएको देखिने।

विद्युत् ऐन, २०४९ दफा १७ को उपदफा (१) बमोजिम गठित विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ६ बमोजिम महसुल निर्धारण गर्ने कानूनी प्रावधान रहेको छ। कानूनबमोजिम स्थापित संस्थाले निश्चित विधि र प्रक्रिया पुर्‍याएर मात्र मुल्य निर्धारण वा महसुल वृद्धिको निर्णय गर्नुपर्ने हुनजान्छ। कुनै पनि निकायले कानुनले तोकेको मापदण्डभन्दा बाहिर गई कुनै काम गर्न नसक्ने हुदा विद्युत् महसुल निर्धारण आयोगले विद्युत् महसुल वृद्धिको निर्णय नै नगरेको भन्ने कुरा विपक्षीको लिखित जवाफबाट समेत प्रष्ट भएको देखिन आई विद्युत् महसुल बढेको त्यस्तो निर्णय भएको देखिँदैन। विद्युत् महसुल वृद्धि हुन लागेको सम्भावनाको आधारमा निवेदकले कपोलकल्पित (hypothetical) आधारमा सत्य तथ्यरहित अवस्था देखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन नआएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल फागुन ६ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-१०३६, कर्तव्य ज्यान, *कमल तामाङ वि. नेपाल सरकार*

मृतकको निधारको बायाँपट्टि ३ इन्च लम्बाई, ३ इन्च चौडाई भएको काटिएको जस्तो घाउ चोट देखिएको, मृतकको बाँया आँखा बाहिर निस्किएको, शरीरको अन्य अवस्था सामान्य रहेको भन्ने मृतकको लाश जाँच प्रकृति मुचुल्काबाट देखिन्छ । त्यसैगरी मेडिकल अधिकृतले अदालतमा गरेको बकपत्रमा Blunt Trauma (धारनभएको वस्तु) ले हुनसक्छ भनी बकपत्र गरेको र मृतकको लासको अटप्सी रिपोर्टबाट मृतकको मृत्यु Sharp Force Injury to Head अर्थात् धारिलो वस्तुको Impact (ठक्कर) बाट भएको भन्ने देखिँदा मृतकको मृत्यु स्वभाविकरूपमा भएको नभै कर्तव्यबाट नै भएको पुष्टि हुने।

मोटरसाइकल चलाउनको लागि सवारी चालक अनुमति पत्र नै नभएका प्रतिवादी कमल तामाङले गैह्र शारीरिक चोट पुर्‍याउने कार्य गरी निजकै कर्तव्यबाट रमेश पाण्डेको मृत्यु भएको प्रमाण परिस्थितिसमेतबाट प्रमाणित भएको र मृतक र प्रतिवादी कमल तामाङबिच रूपैयाँ लेनदेनको इबी लागकै कारण रमेश पाण्डेको प्रतिवादी कमल तामाङको कर्तव्यबाट मृत्यु भएकामा शङ्का रहने ठाउँ नै छैन। अन्य कुनै व्यक्तिको संलग्नता नरहेको प्रस्तुत वारदातमा यी प्रतिवादी कमल तामाङको कर्तव्यबाट मृतकको मृत्यु पुष्टि भएको हुँदा निजको संलग्नता रहेको देखिने।

मृत्यु हुने रमेश पाण्डेको प्रतिवादी कमल तामाङले गरेको कार्यबाट शरीरको संवेदनशील अङ्ग टाउकामा चोट पर्न गई उपचारको क्रममा मृत्यु भएको पुष्टि भएको देखिएकाले अभियोग माग दाबीअनुसार प्रतिवादी कमल तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिम वर्णित कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखियो। यस्तो अवस्थामा सुरू र पुनरावेदन अदालत, पाटनले निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको फैसला मिलेको नै देखिने।

प्रतिवादीको उमेर, मृतकबाट यी प्रतिवादीले रूपैयाँ पैसा लिएका थिए वा थिएनन् सो यकिन भन्न सकिने अवस्था नभएको, घटना हुँदाको समयमा कोही कसैले नदेखेको र प्रतिवादीले भनेबमोजिम महानगरीय प्रहरी प्रभाग बालकुमारीका प्र.ना.नि. सानुकाजी थापाले अदालतमा आई गरिदिएको बकपत्र, मृतकलाई उपचारको लागि आफूसँगै अस्पताल लगी निजको उपचारको लागि खर्चसमेत दिएको देखिँदा निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको हुँदा अपराध गर्दाको परिस्थिति र अवस्थालाई समेत विचार गर्दा निज प्रतिवादीलाई अदालती बन्दोवस्तको महलको १८८ नं. बमोजिम कैद वर्ष ५ (पाँच) गर्न उपयुक्त हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र.,** ०६९-CR-०४८६, ०६४८, लागु औषध खैरो हेरोइन, *शेखरकुमार सोनी वि. नेपाल सरकार, जयशङ्कर कलवार वि. नेपाल सरकार*

कानूनले नै सुरू अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन दर्ता हुन नसक्ने भनी दर्ता गर्न बन्देज गरेको स्थितिमा कानूनविपरीत दर्ता भएका पुनरावेदनको अस्तित्व स्वतः शुन्य हुन जाने हुँदा यस्तो पुनरावेदनलाई यस अदालतले मान्यता प्रदान गरी जिल्ला अदालतको फैसला मिले नमिलेको के रहेछ भनी पुनरावेदन तहको अदालतलाई नाघी सिधै हेर्ने विषय हुन सक्दैन। यसप्रकार पुनरावेदक प्रतिवादी जयशङ्कर कलवारले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम सुरू फैसलाउपर पुनरावेदन अदालतमा पुनरावेदन नगरी यस अदालतमा पुनरावेदन दर्ता गरेको देखिँदा निजको पुनरावेदन जिकिरअनुसार हुने नहुने के हो तथ्यभित्र प्रवेश गरी विचार गरिरहन परेन। निजको पुनरावेदन खारेज हुने।

पुनरावेदक प्रतिवादी शेखरकुमार सोनीको कसुरमा संलग्नता, सहप्रतिवादीबाट बरामद हुँदा निजको उपस्थिति र सजाय गर्न लिइएको अभियोग दाबीसमेतका तथ्यहरूमा समानता रहेको पाइन्छ।

तसर्थ उक्त मुद्दामा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा पुनरावेदक प्रतिवादी शेखरकुमार सोनीका हकमा निजको हैसियत मतियारको रहेकाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) को देहाय ३ र दफा १७ अनुसारको कसुर गरेको ठहर गर्न न्यायोचित हुने।

पुनरावेदक प्रतिवादी जयशंकर कलवारको पुनरावेदन खारेज हुने र पुनरावेदक प्रतिवादी शेखरकुमार सोनीका हकमा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) (ङ) (च) को कसुरमा ऐ.ऐनको दफा १४ (१) (घ) (३) बमोजिम १५ वर्ष कैद र रू. ५ लाख जरिवाना गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।१६ मा भएको फैसला केही उल्टी भई प्रतिवादी शेखरकुमार सोनीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) को देहाय ३ र दफा १७ को कसुरमा सोही प्रावधानहरू बमोजिम ७ वर्ष ६ महिना कैद र २,५०,०००।– जरिवानासमेतको सजाय हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०१८४, अंश नामसारी, *पर्शुराम अहिर यादवसमेत वि. श्रीराम अहिरको मु.स. गर्ने श्रीमती नेवाती अहिरनीसमेत*

अंशबन्डाको १८ नं. अनुरूप निजी हो भनी दाबी गर्ने पक्षमा नै वस्तुगत र तथ्यगतरूपमा प्रमाणित गर्नुपर्ने दायित्व हुन्छ। त्यसरी प्रमाणित गर्न नसकेका सम्पत्तिहरू एकासगोलका अंशियारहरूमध्ये जसका नाममा खरिद गरिए पनि प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलको सम्पत्ति हो भनी मान्नुपर्ने हुन्छ । यसप्रकार प्रतिवादीहरूको निजी भन्ने जिकिर प्रमाणित हुन नसकेको हुँदा तायदातीमा उल्लेख भएका बकसपत्र र राजीनामा लिखतबाट हक सारिएका र खरिद गरिएका सम्पत्तिबाट वादीहरूलाई अंश दिलाएको सुरू एवम् पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

लिखतमा प्रतिवादी ज्ञानेन्द्रले खरिद गरेको मिन्ही घरबासको घर जग्गाको चार किल्ला उल्लेख गरेको देखिन्छ। लिखतमा नै चार किल्ला स्पष्ट भएपछि सोही लिखतका आधारमा फैसलाको तपसिल खण्डमा लेखिएको कि.नं. ५८६ मध्येको प्रतिवादीले राजीनामा गरिलिएको जग्गा के कता पर्छ सो जहिले पनि खोजविन गर्न सकिन्छ । कसैले लिखतको जग्गासँग सिमाना जोडिएको अर्कै मिन्ही गाउ ब्लकको जग्गालाई भित्र पारी आफ्नो जग्गाको चार किल्ला फरक पारी तायदाती दिएको कारण फैसलामा सोहीअनुसार उल्लेखन हुन गए पनि लिखतले धारण गरेको जग्गाको स्वामित्व आआफ्नो हदसम्म रहने हुन्छ, कुनै अर्को लिखतबाट प्राप्त हुने हक स्वतः समाप्त हुन सक्दैन । यसप्रकार प्रतिवादी ज्ञानेन्द्र यादवले पारित गरी लिएको लिखतको जग्गा फैसलाबाट बन्डा नलगाइएको हुँदा त्यस जग्गाको स्वामित्वलाई फैसलाको तपसिलमा उल्लेख भएको अर्कै बन्डा लाग्ने मिन्ही गाउँ ब्लक जग्गाको किल्लाले समाप्त गर्न नसक्ने हुँदा मानो छुट्टिएपछि खरिद गरेको जग्गासमेत बन्डा लाग्न गयो भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर एवम् यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने हुँदा वादी दाबीअनुरूप वादीले प्रतिवादीबाट अंश लिन पाउने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत, बुटवलबाट

मिति २०६७।७।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०२०३, उत्प्रेषण / परमादेश, *तेजबहादुर खड्का वि. मध्यमाञ्चल क्षेत्रीय कार्यालय, सुर्खेतसमेत*

अदालतले आफ्नो क्षेत्राधिकारको प्रयोग कानूनबमोजिम गर्दछ । अदालतको क्षेत्राधिकार कानूनले नै निश्चित गरेको हुन्छ । कानूनले निश्चित गरेको क्षेत्राधिकार नाघी काम कारवाही वा निर्णय अदालतले गर्न मिल्दैन । त्यस्तो काम कारवाही अनधिकृत हुन पुग्दछ । पुनरावेदन अदालत, तुलसीपुरले कानूनबमोजिम पाएको आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रको मामिलामा हेरि कामकारवाही वा निर्णय गर्न सक्ने ।

कुनै विषयमा नालेस गर्न दुईवटा निकाय तोकिएको अवस्थामा दुवैमध्ये कुन निकायमा जाने हो भन्ने चयन गर्ने अधिकार पक्षको हुने नै हुन्छ । तर, प्रस्तुत विवादमा दुई वटा क्षेत्राधिकार दिएको देखिँदैन । त्यसैले यहाँ कुन निकायमा जाने भन्ने कुरा चयन गर्न पाउने स्थिति नै छैन । पुनरावेदकले जुन निर्णय बदर गर्न आएको हो त्यो निकाय कुन पुनरावेदन अदालतको प्रादेशिक क्षेत्राधिकारभित्र पर्दछ भनी हेरिनु पर्ने ।

विभिन्न पुनरावेदन अदालतको प्रादेशिक क्षेत्राधिकारमा पर्ने गरी कुनै निकायको विभिन्न तहबाट निर्णय हुँदा ती निर्णयहरूउपर उजुर गर्नु परेमा जुन निकायको निर्णय अन्तिम रहेको हुन्छ त्यही निर्णय गर्ने निकायउपर सुनुवाई हुने पुनरावेदन अदालतले सोको क्षेत्राधिकार ग्रहण गरेको हुने ।

मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेत, पुनरावेदन अदालत, तुलसीपुरको प्रादेशिक क्षेत्राधिकारअन्तर्गत पर्ने नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।२।८ को आदेश मिलेकै देखिँदा सदर हुने । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RC-००२८, कर्तव्य ज्यान, *सन्तोषकुमार मौर्यको जाहेरीले नेपाल सरकार वि. ओदे लोनिया*

प्रतिवादी ओदे लोनियासमेतका उपर किटानी जाहेरी परेको र जाहेरवाला सन्तोषकुमार मौर्यले अदालतमा उपस्थित भई जाहेरी व्यहोरालाई समर्थन हुने गरी बकपत्रसमेत गरेको देखिन्छ । मौकामा घटना विवरण कागज गर्ने हगई लोनियाले अदालतमा समेत उपस्थित भई मृतक नन्दराम मुराउसँग यी प्रतिवादीको पूर्वरिसइबी रहेको तथ्यलाई पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ । लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवाला तथा घटना विवरण कागज गर्ने मानिसहरूको बकपत्रसमेतका मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट यी प्रतिवादीसमेत उपरको आरोपित कसुर समर्थित हुन आएको अवस्था देखिन्छ । तसर्थ

यी प्रतिवादी ओदे लोनियासमेत उपर किटानी जाहेरी परेको र सहअभियुक्त बच्छौ लोनिया भन्ने राम महेश लोनियाले यिनै प्रतिवादी ओदे लोनियाले मृतक नन्दराम मुराउ पिसाब फेर्न बसेका अवस्थामा गरासी जस्तो धारिलो जोखिमी हतियारले टाउकामा प्रहार गरेको भनी पोल गरी बकी लेखाई दिएको र निज बच्छौ लोनिया भन्ने राम महेश लोनियालाई समेत कसुरदार ठहर्याई अन्तिम फैसला भैसकेको अवस्था देखिँदा यी प्रतिवादी ओदे लोनियाले उक्त आरोपित कसुर गरेका होइनन् भन्न सकिने अवस्था मिसिल प्रमाणको रोहबाट नदेखिने।

प्रतिवादी ओदे लोनियालाई अभियोग माग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्याई सुरू बाँके जिल्ला अदालतले मिति २०६९।१।२७ मा गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।९।२८ को फैसला मुनासिब नै देखिएकाले साधक सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

**२**

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिनेश परियारसमेत*

प्रतिवादीहरू तीनैजनाले पैसाको आवश्यकता परी एक आपसमा सरसल्लाह गर्दा निज प्रतिवादी झ्याम्टे कृष्णबहादुर भन्ने खमबहादुर गुरूङले मृतक लोकबहादुर गुरूङसँग नगद र सुन गरी धेरै धनमाल रहेको र निज एक्लै बस्ने गरेकाले निजलाई मारी धनमाल लुटौं भन्ने सरसल्लाह गरी सबै प्रतिवादीहरू उक्त मत सल्लाहमा सहमत भई सोहीअनुसार योजना बनाई मिति २०६९।९।१८ गते साँझ निज मृतक लोकबहादुरलाई कर्तव्य गरी मारी निजको घरबाट धनमाल लुटी चोरी गरी लगेको भन्ने देखिन आयो। मृतक लोकबहादुर मरिसकेपछि निजलाई आफैँ आत्महत्या गरी मरेको भन्ने देखाउन डोरीले झुण्ड्याइएको अवस्था देखियो। मृतकको घरबाट चोरी गरी लगेका धनमालमध्ये सुनको बेरूवा औंठी प्रतिवादी दिनेश परियारबाट बरामद भएको र प्रतिवादी खमबहादुर गुरूङको साथबाट रू. ९,०००।- समेत बरामद भई निज प्रतिवादीहरूले सनाखतसमेत गरेको देखिँदा सो वारदात निज प्रतिवादीहरूको प्रत्यक्ष संलग्नताबाट घटेको भन्ने कुरा पुष्टि हुन आयो। तसर्थ मौकामा यी प्रतिवादीहरूउपर किटानी जाहेरी दिने आत्माराम गुरूङले आफ्नो जाहेरी व्यहोरालाई समर्थन गर्दै अदालतसमक्ष उपस्थित भै बकपत्र गरी दिएको, प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष समेत आरोपित कसुरमा साबित भई बयान गरेको, घटना स्थल विवरणका बाला गुरूङसमेत र वस्तुस्थितिका तुलाराम गुरूङसमेतका मानिसहरूले यी प्रतिवादीहरूले नै मृतक लोकबहादुरको हत्या गरेको भनी मौकामा कागज व्यहोरा लेखाई सोहीअनुरूप अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत गरिदिएको, लास जाँच प्रकृति मुचुल्का एवम् मृतकको शव परिक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न आधार प्रमाणबाट यी प्रतिवादीहरू उपरको अभियोग दाबी समर्थित भइरहेको अवस्था देखिने।

प्रतिवादी झ्याम्टे कृष्णबहादुर भन्ने खमबहादुर गुरूङ प्रमुख योजनाकार भई अन्य सहप्रतिवादीहरू दिनेश परियार र मानबहादुर परियारसँग सरसल्लाह गरी आफ्नो मत सल्लाहमा सामेल गराई मृतक

लोकबहादुर गुरूङलाई हत्या गरी मृतक लासलाई झुण्ड्याएको कुरा प्रमाणित हुन आएको हुँदा निज खमबहादुरलाई मुख्य भई वचन दिएको कसुर पुष्टि हुन आएको अवस्थामा निजलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखिने।

प्रतिवादीहरू झ्याम्टे कृष्णबहादुर भन्ने खमबहादुर गुरूङ, दिनेश परियार र मानबहादुर परियारलाई अभियोग माग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहराएको सुरू लमजुङ जिल्ला अदालतको मिति २०६९।१२।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०।१२।४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०४०१, जग्गा खिचोला चलन, *जीतबहादुर तामाङसमेत वि. वीरबहादुर तामाङ*

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले वादी दाबीको जग्गा कब्जासमेत गरी खिचोला गरेको हो होइन भन्ने विवादित प्रश्न रहेकामा सुरू अदालतबाट प्रतिवादी जितबहादुर तामाङले खिचोला गरे नगरेको, निजको हकमा दाबी पुग्ने नपुग्ने कारण र आधार खुलाई निर्णय गरेको देखिँदैन। त्यस्तै फैसला गरिएको जतिमा पनि वादी प्रतिवादी दुवै पक्षले खिचोला गरेको भनी विरोधाभाषपूर्ण कुरा लेखिएको देखिन्छ । सुरू अदालतबाट मिति २०६९।६।१० मा गरेको फैसला अ.बं. १९२ नं. समेतको त्रुटिपूर्ण रहेको देखियो । तसर्थ पुनरावेदन अदालत, धनकुटाले सुरूको फैसला बदर गरी जो बुझ्नु पर्ने बुझी वादी दाबीका हरेक विषयमा निर्णय गर्न पुनः इन्साफका लागि मुद्दा सुरू जिल्ला अदालतमा पठाउने ठहराएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। पुनः इन्साफका लागि सुरू अदालतमा पठाउने गरेको पुनरावेदन अदालतको फैसला बदर गरिपाउँ भन्नेसमेतको प्रतिवादीहरूको पुनरावेदन जिकिर कानूनसङ्गत मान्न नमिल्ने।

मिसिल संलग्न आधार प्रमाणको विवेचना गरी धनकुटा जिल्ला अदालतले मिति २०६९।६।१० मा गरेको फैसला बदर गरी पुनः इन्साफका लागि सुरूमा पठाउने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।१०।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०३३५, परमादेश, *इन्द्रमाया कपालीसमेत वि. जिल्ला भक्तपुर, भक्तपुर नगरपालिका वडा नं. १० दरबार क्षेत्रस्थित काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयसमेत*

विपक्षी कमेरोटार जग्गा एकिकरण आयोजनाले निवेदकहरूलाई जग्गाधनी दर्ता प्रमाण पूर्जा दिन इन्कार गरेको नभई आयोजनाले सबैका लागि निर्धारण गरेको कागजात पेस भएपछि जग्गाधनी प्रमाण पूर्जा दिने नै भन्ने देखिन्छ। यसबाट विपक्षीले आफ्नो कानूनी कर्तव्य पूरा गरेको भन्ने देखिएन र निवेदकले नै आफ्नो कर्तव्य पूरा नगरेको अवस्थाको विधमानताबाट सिर्जित परिणामबाट नै निवेदकले दाबीबमोजिमको जग्गाधनीको प्रमाणपूर्जा नपाएको भन्ने देखिएकाले दाबीबमोजिम निवेदकको कानूनी हकमा

आघात पुगेको भन्ने देखिन आएन । दाबीको जग्गा निवेदकहरू समेतको संयुक्तरूपमा दर्ता कायम रहेको अवस्थामा कानूनबमोजिम निवेदकहरूले पुर्‍याउनु पर्ने कानूनी प्रक्रिया पूरा गरी निवेदन दिनुपर्ने भन्ने विपक्षीको कथन व्यहोरालाई अन्यथा भन्न मिल्ने पनि देखिँदैन । यस अलवा तेजकृष्णसमेतका यी निवेदकहरूका नाममा संयुक्तरूपमा दर्ता कायम रहेको जग्गामा आफ्नो निहित हकमा कुनै कारणबाट आघात पर्न गएमा पनि त्यस्तो हक प्रचलनको लागि अवलम्वन गर्नुपर्ने कानूनबमोजिमको मार्ग खुला नै रहेको अवस्थासमेत देखिन्छ । वस्तुत: जग्गाधनीमध्येको तेजकृष्ण कुस्लेले विपक्षी आयोजनाबाट फिर्ता पाउने विकसित घडेरी फिर्ता माग गर्न निवेदन गर्न नमानेको भन्ने निवेदन व्यहोरा देखिए पनि निज तेजकृष्ण कुस्लेलाई विपक्षी बनाएको पनि देखिएन। साथै विपक्षीले पनि निज तेजकृष्ण कुस्लले फिर्ता मागको निवेदन नगरेको कारणसमेतले दाबीबमोजिमको जग्गाधनी प्रमाणपूर्जा दिन रोकिएको भन्ने पनि छैन । यसरी विपक्षी कमेरोटार जग्गा एकिकरण आयोजनासमेतले पूरा गर्नुपर्ने सार्वजनिक दायित्व पूरा नगरेको कारणले मात्र निवेदन दाबीबमोजिमको फिर्ता पाउनु पर्ने विकसित घडेरी जग्गाको जग्गाधनी प्रमाणपूर्जा नपाएको भन्ने नदेखिई निवेदकसमेतले पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेको कारणले नै दाबीबमोजिमको जग्गाधनी नपाएको भन्ने देखिन आएको अवस्थासमेतका सन्दर्भलाई विचार गर्दा विपक्षीले गर्नुपर्ने कार्य नगरेको कारणले मात्र निवेदकहरूको हकमा आघात परेको भन्ने नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने।

निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको २०७०।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०४७७, उत्प्रेषण, *कमलबहादुर रानाभाट वि. त्रिवेणी पब्लिक स्कुल प्रा. लि.का प्राचार्य राजेन्द्रमणी पौडेल*

त्रिवेणी पब्लिक स्कुल प्रा.लि., कम्पनी ऐन, २०५३ बमोजिम संवत् २०५९ साल असार २० गते कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.लि. नं. १९०७६ मा दर्ता भएको भन्ने कुरा मिसिल संलग्न उक्त दर्ता प्रमाण पत्रको प्रतिलिपबाट देखिन्छ । यसरी कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको त्रिवेणी पब्लिक स्कुल नामक कम्पनी निजी लगानीमा सञ्चालित निजी विद्यालय भएको भन्ने तथ्यमा कुनै विवाद नदेखिने।

यी निवेदक कार्यरत रहेको भनिएको त्रिवेणी पब्लिक स्कुल कम्पनी ऐन, २०५३ बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको निजी क्षेत्रबाट खोलिएको संस्थागत विद्यालय भएको र सो विद्यालयका प्रिन्सिपल विपक्षी राजेन्द्रमणि पौडेलले यी निवेदकलाई शिक्षक पदबाट पदमुक्त गर्ने निर्णय गरेको देखिन्छ । उत्प्रेषणको रिट न्यायिक, अर्धन्यायिक निकाय वा कानूनले अख्तियार दिएको प्रशासनिक निकायबाट क्षेत्राधिकारको उल्लङ्घन गरी निर्णय गरेमा, प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा, कार्यविधि कानूनको पालना नगरी वा कानूनी त्रुटि गरी निर्णय गरेमा त्यस्ता निकाय वा अधिकारीबाट

भएको गैरकानूनी त्रुटिपूर्ण निर्णयलाई बदर गर्न जारी हुने रिट हो । प्रस्तुत मुद्दामा विपक्षी त्रिवेणी पब्लिक स्कुल प्रा.लि. का प्रिन्सिपल राजेन्द्रमणी पौडेलले यी निवेदकलाई शिक्षक पदबाट पदमुक्त गर्ने गरेको निर्णय कुनै न्यायिक, अर्धन्यायिक वा कानूनले अख्तियारी दिएको प्रशासनिक निकायबाट भएको नदेखिने ।

त्रिवेणी पब्लिक स्कुल नामक निजी विद्यालय कम्पनी ऐन, २०५३ बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता भई सञ्चालन भएको प्रा.लि. भएकाले त्यस्तो निजी कम्पनीको रूपमा दर्ता भएको विद्यालयबाट भएको काम कारवाहीमा उत्प्रेषणको रिटबाट हस्तक्षेप गर्न मिल्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिँदैन । पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी विपक्षीको गैरकानूनी निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

निजी कम्पनीको रूपमा दर्ता भएको विद्यालयबाट भएका काम कारवाहीमा उत्प्रेषणको रिटबाट हस्तक्षेप गर्न नमिल्ने भनी रिट निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत, पोखराको मिति २०७०।१२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०७९७, बन्डा गर्न बाँकी रहेको जग्गा बन्डा गरी दा.खा. नामसारी, *हिरामती चमाइन मरीको मु.स.गर्ने जोखु चमार वि. श्रीकान्त हरिजन*

मिति २०४१।८।२० को अंश मुद्दाको मिलापत्रमा वादी दाबीको कि. नं. १३९ को जग्गा अबन्डा राखिएको भन्ने देखिँदैन । उक्त जग्गाको फिल्डबुकमा नाम जनिएका रामदास चमारले यी प्रतिवादी श्रीकान्त हरिजनको आमा गंगी चमाइनकाउपर दायर गरेको अंश मुद्दामा मिति २०५३।१२।१६ मा भएको बन्डा मुचुल्कामा उक्त कि. नं. १३९ को जग्गा यी प्रतिवादी श्रीकान्त हरिजनकी आमा गंगीको अंश भागमा परेको र मिति २०६०।१२।८ को बन्डापत्रबाट यी प्रतिवादी श्रीकान्त हरिजनको अंश भागमा परी भोग चलन गरी आएको भन्ने देखिन्छ । यसप्रकार यी वादी हिरामतीका पति लक्षनले यी प्रतिवादी श्रीकान्तका पिता नागेश्वर उपर अंश मुद्दा दिई मिति २०४१।८।२० मा मिलापत्र गरी आफ्नो अंश बुझी सकेको र उक्त मिलापत्रमा प्रस्तुत मुद्दाको दाबीको कि.नं. १३९ को जग्गा अबन्डामा रहने भनी उल्लेख भएकोसमेत नदेखिएबाट वादीले आफ्नो हक हिस्साको सम्पत्ति बुझी सकेपछि बाँकी रहेको जग्गा अबन्डा भनी नजनाइएको स्थितिमा प्रतिवादीको हुने हुँदा सुरू नवलपरासी जिल्ला अदालतले उक्त कि.नं. १३९ को जग्गामा यी वादीको अंश हक कायम हुने ठहर्‍याएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

सुरू नवलपरासी जिल्ला अदालतको मिति २०७०।१।९ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०६९३, बन्दीप्रत्यक्षीकरण, सलीमा भन्ने *सलीम जोलाह (अन्सारी) वि. श्री जिल्ला प्रहरी कार्यालय, बाँके नेपालगञ्जसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश थुनामा रहेका व्यक्तिहरूलाई थुनामुक्त गर्न जारी गरिने आदेश हो । कानूनले अधिकारप्राप्त गरेको भन्सार ऐनको कसुरमा थुनछेक आदेशमा तोकिएको धरौट तिर्न नसकी थुनामा रहेको भन्ने देखिएकामा सो कानूनले अख्तियारप्राप्त अधिकारीको कानूनी प्रक्रिया स्वीकार गरी मागेको धरौट नै बुझाइसकेको र थुनामुक्त भैसकेको भन्ने देखिएकामा थुनाको निरन्तरता हालको अवस्थामा देखिएन । बन्दीप्रत्यक्षीकरणको आदेश बन्दीलाई गैरकानूनीरूपमा थुनामा राखेको तथ्यबाट देखिनुका अतिरिक्त थुनाको निरन्तरताको अवस्था पनि देखिनु पर्ने । तर प्रस्तुत मुद्दामा हालको अवस्थामा निवेदक थुनामा रहेको भन्ने नदेखिएकाले अब निवेदकको मागबमोजिम तथ्यभित्र प्रवेश गरी बन्दीप्रत्यक्षीकरणको सैद्धान्तिक आधारबमोजिम थुना गैरकानुनी छ छैन ? भन्नेसमेतका प्रश्नमा विवेचना गरिरहनु पर्ने औचित्यपूर्ण नदेखिई बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन पर्ने अवस्थाको विद्यमानता देखिएन । तसर्थ रिट निवेदक धरौटी बुझाई थुनामुक्त भैसकेको भन्ने देखिँदा पुनरावेदन जिकिरबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन। निवेदकको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।१।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-MS-००१९, अदालतको अपहेलना, *आयुर्वेद विभाग, टेकु, काठमाडौं महानिर्देशक पदमा कार्यरत डा. देवकला भण्डारी वि. खगराज अधिकारी, माननीय मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

यसमा अन्तरिम आदेशको सम्बन्धमा मिति २०७१।७।१७ गते छलफलको लागि विपक्षीलाई सूचना दिनू र सो दिनसम्मका लागि निवेदकलाई मिति २०७१।६।१० मा गरिएको सरूवाको निर्णय तत्सम्बन्धी पत्र कार्यान्वयन नगर्न नगराउनु भनी यस अदालतबाट यिनै निवेदक र विपक्षी भएको उत्प्रेषण मुद्दामा २०७१।७।४ मा तात्कालिन अन्तरिम आदेश जारी भएको देखियो । आदेश हुनु अगावै मिति २०७१।६।१० मा नेपाल सरकार (माननीय मन्त्रिस्तर) बाट भएको सरूवा निर्णयको कार्यान्वयन मिति २०७१।६।१३ मा रमाना भई मिति २०७१।६।१४ मा विभागमा हाजिर भई कार्यान्वयन भइसकेकाले अन्तरिम आदेशको उल्लङ्घन गर्ने कार्य नभएको भन्ने विपक्षीहरूको लिखित जवाफ व्यहोरा देखिन्छ । यसरी मिति २०७१।७।४ मा अन्तरिम आदेश हुनपूर्व नै विपक्षीमध्येका बासुदेव जनार्दनप्रसाद उपाध्याय मिति २०६४।६।१४ मा विभागमा बहाल भैसकेको भन्ने देखिँदा अदालतको अपहेलनाको स्थिति देखिन आएन । तसर्थ निवेदन मागबमोजिम अदालतको अपहेलनातर्फ कारवाही गर्नुपर्ने नभै प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ १७ गते रोज ५ शुभम् ।

## इजलास नं. ६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०१२०, अंश नामसारी, *सोना गडेरिया वि. अकाली गडेरियासमेत*

मुलुकी ऐन, सातौं संशोधन २०३४ द्वारा संशोधन हुनुअघि अंशबन्डाको १८ नं. मा मानो छुट्टिई बसेको अवस्थामा भने कमाएको धन र लगाएको ऋण आफ्नो आफ्नो हुन्छ भन्ने व्यवस्था गरेको पाइन्छ। यी वादी प्रतिवादीहरू छुट्टि भिन्न भएको भन्ने मिसिलबाट देखिँदैन । उपरोक्त कानूनी व्यवस्थाको अर्थ अपुतालीबाट प्राप्त गरेको सम्पत्ति बन्डा नलाग्ने अरू सम्पत्ति भने बन्डा लाग्ने भनी अर्थ गर्न मिल्दैन। उक्त कानूनी व्यवस्थाको सोझो अर्थ सगोलका अंशियाराले जुनसुकै स्रोतबाट प्राप्त भएको सम्पत्ती सबैको बन्डा लाग्ने भन्ने नै हुने।

जुनसुकै तरिकाले प्राप्त गरेको सम्पत्ति अंशियारहरूका बिचमा बन्डा लाग्ने स्पष्ट भइसकेपछि निजी तवरले प्राप्त गरेको हुँदा बन्डा नलाग्ने भनी भन्न मिल्दैन । तत्कालीन अवस्थामा निजी सम्पत्तिको व्यवस्था नै नदेखिने।

प्रस्तुत मुद्दामा मिति २०३१।११।२३ को मिलापत्रबाट सगोलको अंशियारा विपक्षी राम आसरेको नाममा दर्ता भएको सम्पत्ती भई साविक अंशबन्डाको १८ नं. बमोजिम आर्जन गरेको सगोलका अंशियारको नाममा दर्ता रहेको जग्गा हुँदा सो जग्गामा सबै अंशियाराको बन्डा लाग्ने ठहर गर्नुपर्नेमा अपुतालीबाट प्राप्त सम्पत्तीमा अंश नलाग्ने भनी गरिएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण सम्पत्तीको दुई भाग लगाई पियारेको १ भाग प्रतिवादीहरूलाई पर सारी १ भाग वादीले अंश छुट्टाई नामसारी दर्ता गराई लिन पाउने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार २३ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०२७१, भ्रष्टाचार, *दिनेशकुमार राउत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट नेपाल सरकार*

व्यक्तिगत फाइलमा संलग्न एस.एल.सी.को प्रमाणपत्रको पछाडि सक्कलबमोजिम नक्कल ठिक छ भनी लेखी गर्न लगाइएको सहिछाप मेरो हो भनी स्वीकार गरेको देखिन्छ । निजको नाममा जारी भएको भनिएको विवादमा आएको शैक्षिक योग्यताको प्रमाणपत्र निजको व्यक्तिगत फाइलमा संलग्न रहेको देखिन्छ। सो प्रमाणपत्र प्रतिवादीले पेस गरेको नभए कसले के उद्देश्यबाट यी प्रतिवादीको व्यक्तिगत फाइलमा राखेको हो सोको प्रमाण निजै प्रतिवादीले पुर्‍याउनु पर्ने हुन्छ। त्यसरी उनाउ व्यक्तिले राखेको प्रमाणित गर्न नसकेकाले निज प्रतिवादीले नै पेस गरेको देखिने।

यी प्रतिवादीले पेस नगरेको भए त्यसमा रहेको सहीसम्म आफ्नो हो भनी सनाखत गर्ने थिएनन् । डर, धाक जागिरको प्रलोभनमा परी आफूले उक्त प्रमाणपत्रको पछाडी सही गरेको कुरा सनाखतसमेत गर्ने अवस्था आउँदैन। साथै विवादको शैक्षिक प्रमाणपत्र निजको व्यक्तिगत फायलमा अन्य व्यक्तिले पेस गर्नु पर्ने अवस्थासमेत नदेखिँदा

प्रतिवादीको पुनरावेदन जिकिरमा विश्वास गर्ने आधार नदेखिने।

उल्लिखित प्रमाणपत्र झुट्ठा देखिएको, निज प्रतिवादी राष्ट्रसेवक नै रहेका र उक्त प्रमाणपत्र अमुक व्यक्तिले पेस गरेको प्रमाणित गराउन खम्बिर प्रमाण गुजार्न नसकेको समेत विवेचित आधार कारणसमेतबाट प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहराई ६(छ) महिना कैद र रू.१०,०००।- (दशहजार रूपैयाँ) जरिवाना गरेको विशेष अदालत, काठमाडौंको मिति २०६९।६।२४ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल असोज ५ गते रोज ३ शुभम्।

२

**मा. न्या. श्री गोविन्दकुमार उपाध्याय र मा. न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०००५, भ्रष्टाचार, *प्रहरी नायब निरीक्षक नवलसिंह गुरूङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत कृष्णहरि देवकोटाको प्रतिवेदनले नेपाल सरकार*

अनुसन्धान अधिकारीले संकलन गरेको प्रमाणहरूबाट पुनरावेदकको शैक्षिक योग्यताको प्रमाणपत्र सद्दे व्यहोराको नरहेको कुरा देखिन आएको अवस्थामा पुनरावेदकको यो जिकिर आफैँमा प्रतिवादीले आरोपपत्रबाट सफाइ पाउने पर्याप्त आधार हुन नसक्ने।

पुनरावेदक र आरोपकर्ताको अभिकथन र प्रमाणमध्ये कसले मान्यता पाउने भन्ने सन्दर्भमा हेर्दा पुनरावेदकको भन्दा आरोपकर्ताको कथन र प्रमाण विश्वसनीय मान्नुपर्ने हुन्छ। आरोपकर्ता भनेको कानूनी व्यक्ति हो । निजले कसैप्रति पूर्वाग्रह नराखी आफ्नो कानूनी कर्तव्य पूरा गर्ने कुराको प्रारम्भिक अनुमान गर्नुपर्ने कानूनी र न्यायिक संरचनाको बल निजलाई प्राप्त भएको हुन्छ जुन कुरा पुनरावेदकलाई प्राप्त भएको नहुने। पुनरावेदकको पक्षमा रहने निर्दोषिताको अनुमान र फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार जस्ता कानूनी प्रावधानसँग यसलाई जोड्न मिल्दैन । पहिलो अवस्थामा अभियोजक र प्रतिवादीको प्रमाण बाझिएमा के आधारमा कसले पेस गरेको प्रमाणलाई विश्वसनीय मान्नुपर्ने भन्ने कुराको निरोपणको प्रश्न विद्यमान रहन्छ भने दोस्रोमा त्यो प्रमाणले अभियुक्तको निर्दोषिताको अनुमानलाई विस्थापित गर्न सके नसकेको र वादीले अभियुक्तको कसुरलाई शङ्कारहित तवरबाट प्रमाणित गर्न सके नसकेको भन्ने कुराको निरोपणको प्रश्न रहने । अनुसन्धानकर्ताले प्रमाण संकलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

आफूले निवेदनसाथ पेस गरेको प्रमाणपत्र सद्दे साँचो व्यहोराको भएकाले त्यसले मान्यता पाउनु पर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरको सवाल छ विशेष अदालत, काठमाडौंले यस्तो मुद्दामा प्रमाणीकरणको विवादको निरोपणको लागि उच्च माध्यमिक शिक्षा परिषद्बाटै यथार्थ बुझ्ने गरेको एउटा निरन्तरको परिपाटी नै बसेको देखिन्छ । यस्तोमा आपराधिक दायित्वबाट बच्न यी प्रतिवादीले पछिबाट आफ्नो पहलकदमीमा कहिँकतैबाट आफ्नो पक्षमा ल्याएको जवाफबाट सम्बन्धित माध्यमिक शिक्षा परिषदको जवाफ व्यहोरा अन्यथा हुने देखिँदैन । यसमा विशेष अदालतको आदेशबमोजिम क्षेत्रीय कार्यालय, वाराणसीको पत्राङ्क-१०००० दिनाङ्क १।१।१३ को पत्रसाथ संलग्न विवरणमा "परीक्षार्थीका नाममा नवल सिंह गुरूङको नाममा गोलाकार लगाई

Shanti Rajay Laxmi Rana, लेखिएको पिताको नाममा नरबहादुर गुरूङको नाममा गोलाकार लगाई Devendra Bahadur Shaha लेखिएको, परीक्षा Intermediate (private), वर्ष १९९६, अनुक्रमाङ्क ९७०४०२, योगमा २६२।५०० मा गोलाकार लगाई २११।५०० लेखिएको, श्रेणी second division लाई third लेखिएको कलेज / केन्द्रको नाम SRJ Inter College Rupaidiha, Bahraich" भनी पठाएको जवाफ पुनरावेदकको विपक्षमा किन गयो त्यसको सन्तोषजनक कारण पुनरावेदकबाट आउन सकेको छैन । यसरी एक विधिसम्मत निकायले आधिकारिकरूपमा पठाएको जवाफमा उल्लेख भएको कुरा ग्रहण नगरी पुनरावेदकले निजी तवरबाट पहल गरेर पठाउन लगाएको जवाफलाई भर गर्नुपर्ने अवस्था नहुने।

प्रमाणपत्र सद्दे रहेकाले अभियोगदाबीबाट सफाइ पाउँ भन्नेबाहेक प्रतिवादीको अरू पुनरावेदन जिकिर नरहेको र उल्लिखित प्रमाणपत्र झुट्टा देखिएको हुँदा प्रतिवादीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्‍याई उक्त ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरिवाना गरेको विशेष अदालत, काठमाडौंको मिति २०६९।१२।२२ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल असोज १८ गते रोज २ शुभम्।

- यसै प्रकृतिको ०७१-CR-१०८७, भ्रष्ट्राचार, *उर्दल गिरी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## ३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०२१९, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *हरिप्रसाद दमासे वि. नेपाल सरकार*

आफूले निवेदनसाथ पेस गरेको प्रमाणपत्र सद्दे साँचो व्यहोराको भएकाले त्यसले मान्यता पाउनु पर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिर छ। तर अनुसन्धान अधिकारीले सङ्कलन गरेको प्रमाणहरूबाट पुनरावेदकको शैक्षिक योग्यताको प्रमाणपत्र सद्दे व्यहोराको नरहेको कुरा देखिन आएको अवस्थामा पुनरावेदकको यो जिकिर आफैँमा प्रतिवादीले आरोपपत्रबाट सफाइ पाउने पर्याप्त आधार हुन सक्तैन। यसमा पुनरावेदक र आरोपकर्ताको अभिकथन र प्रमाणमध्ये कसले मान्यता पाउने भन्ने सन्दर्भमा हेर्दा पुनरावेदकको भन्दा आरोपकर्ताको कथन र प्रमाण विश्वसनीय मान्नु पर्ने हुन्छ। आरोपकर्ता भनेको कानूनी व्यक्ति हो। निजले कसैप्रति पूर्वाग्रह नराखी आफ्नो कानूनी कर्तव्य पूरा गर्ने कुराको प्रारम्भिक अनुमान गर्नुपर्ने कानूनी र न्यायिक संरचनाको बल निजलाई प्राप्त भएको हुन्छ जुन कुरा पुनरावेदकलाई प्राप्त भएको नपाइने।

पुनरावेदकको पक्षमा रहने निर्दोषिताको अनुमान र फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार जस्ता कानूनी प्रावधानसँग यसलाई जोड्न मिल्दैन। पहिलो अवस्थामा अभियोजक र प्रतिवादीको प्रमाण बाझिएमा के आधारमा कसले पेस गरेको प्रमाणलाई विश्वसनीय मान्नुपर्ने भन्ने कुराको निरोपणको प्रश्न विद्यमान रहन्छ भने दोस्रोमा त्यो प्रमाणले अभियुक्तको निर्दोषिताको अनुमानलाई विस्थापित गर्न सके नसकेको र वादीले अभियुक्तको

कसुरलाई शङ्कारहित तबरबाट प्रमाणित गर्न सके नसकेको भन्ने कुराको निरोपणको प्रश्न रहने।

आपराधिक दायित्वबाट बच्न यी प्रतिवादीले पछिबाट आफ्नो पहलकदमीमा कहिँकतैबाट आफ्नो पक्षमा ल्याएको जवाफबाट सम्बन्धित माध्यमिक शिक्षा परिषद्को जवाफ व्यहोरा अन्यथा हुने देखिँदैन । यसमा विशेष अदालतको आदेशबमोजिम क्षेत्रीय कार्यालय, वाराणसीको पत्राङ्क सत्यापन १०,००० दिनाङ्क ०१।१।२०१३ को प्रमाणीकरण विवरणको बोर्ड अभिलेख सत्यापन महलमा निज प्रतिवादी हरिप्रसाद दमासेका सम्बन्धमा "यह अनुक्रमाङ्क माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय वाराणसीके जनपद वाराणसी में अनुदानित नही हैं" भन्ने उल्लेख भएको पत्रको प्रतिलिपिसमेत उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च.नं.आ.१६७ मिति २०६९।१०।१९ को पत्रसाथ पठाएको जवाफ पुनरावेदकको विपक्षमा किन गयो त्यसको सन्तोषजनक कारण पुनरावेदकबाट आउन सकेको छैन । यसरी एक विधिसम्मत निकायले आधिकारिकरूपमा पठाएको जवाफमा उल्लेख भएको कुरा ग्रहण नगरी पुनरावेदकले निजी तवरबाट पहल गरेर पठाउन लगाएको जवाफलाई भर गर्नुपर्ने अवस्था नहुने।

प्रमाणपत्र सद्दे रहेकाले अभियोगदाबीबाट सफाइ पाउँ भन्नेबाहेक प्रतिवादीको अरू पुनरावेदन जिकिर नरहेको र उल्लिखित प्रमाणपत्र झुट्ठा देखिएको हुँदा प्रतिवादीले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्‍याई उक्त ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरिवाना गरेको विशेष अदालत, काठमाडौंको मिति २०७०।२।२३ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ठहर्छ। आरोपपत्रबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का
कम्प्युटरः चन्द्रा तिमिल्सेना
इति संवत् २०७२ साल असोज १८ गते रोज २ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह**, ०७१-wo-०६३५, उत्प्रेषण / परमादेश, *श्रीराम गौतम वि. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत*

निवेदकलाई दिएको नियुक्ति पत्रमा बढीमा ४ वर्षको लागि भनी कार्यकारी निर्देशक पदमा नियुक्त गरिएको देखिन्छ । त्यस्तै गठन आदेशको दफा ६ को उपदफा (४) मा रहेको उल्लिखित कानूनी प्रावधानअनुसार निवेदकले कार्यकारी निर्देशकको पदअनुरूपको काम गर्न नसकेकाले निजको कार्यक्षमताको अभाव भएकाले किन पदबाट नहटाउने भनी नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७१।४।२९ को निर्णयानुसार स्पष्टीकरण माग गरी प्राकृतिक न्यायको सिद्धान्तअनुसार निवेदकको भनाई पेस गर्ने मौकासमेत प्रदान गरी निवेदकबाट पेस भएको स्पष्टीकरण सन्तोषजनक नभएको भनी नियुक्ति दिने अख्तियारी भएको नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७१।१०।६ को निर्णयबाट निवेदकलाई पदमुक्त गरिएको पाइँदा उक्त निर्णय अधिकारक्षेत्रविहीन वा प्राकृतिक न्यायको सिद्धान्तविपरीत अथवा गैरकानूनी रहेकोसमेत नदेखिने।

निवेदकलाई रूरू-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समितिको कार्यकारी निर्देशक पदबाट हटाउने गरी नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०७१।१०।६ मा भएको निर्णयमा अधिकारक्षेत्रको

अतिक्रमण भएको नदेखिएको र कानूनको उचित प्रक्रियासमेत पूरा गरी सफाइको मौका दिई पदबाट हटाउने निर्णय भएकाले कानूनबमोजिम भए गरेको कामबाट निवेदकको हक हनन् भएको मान्न र सम्झन नमिल्ने हुँदा प्रस्तुत रिट जारी हुने अवस्था प्रथम दृष्टिमा नै देखिन नआउने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ २८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७२-WO-००१९, उत्प्रेषण / परमादेश, *दण्डवीर लिम्बु वि. त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, काठमाडौंसमेत*

फाराम भर्ने अन्तिम म्याद मिति २०७२।३।२२ समेत समाप्त भएपश्चात् मिति २०७२।३।२९ मा आफू अध्ययनरत पशुपति बहुमुखी क्याम्पसमा गै फाराम भरी क्याम्पस प्रमुखको तर्फबाट छुट फारामबारेको सिफारिससहित परीक्षा नियन्त्रण कार्यालय, बल्खु गएकामा म्यादभित्र फाराम प्राप्त नभएकाले बुझ्न नसक्ने भनी मिति २०७२।२।३० निवेदकको फारम दरपिठ गरिदिएकाले मिति २०७२।४।१९ देखि सञ्चालन हुने परीक्षामा सामेल हुनबाट वञ्चित हुन पुगेको छ। उक्त दरपिठ बदर गरी परीक्षामा सामेल गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेको देखिए तापनि निवेदकले रिट निवेदनमा आधार लिनु भएको त्रिभुवन विश्वविद्यालय, सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २०२(क) मा विश्वविद्यालयअन्तर्गत तोकिएका अध्ययन संस्थान तथा सङ्कायद्वारा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको नियमित तथा प्राइभेट परिक्षार्थीहरूको तोकिएबमोजिम परीक्षा सञ्चालन गर्ने भन्ने र नियम २५(ग) परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन हुने परीक्षाको कार्यतालिका वा कार्यक्रम स्थगित गर्न र लिएको परीक्षा कारण परेमा रद्द वा खारेज गर्ने भन्नेसमेतको व्यवस्था रहेको देखिन्छ। उक्त नियमले परीक्षा फाराम भर्न नपाएको परीक्षार्थीले परीक्षामा सम्मिलित हुन पाउने भन्ने सम्बन्धमा कुनै व्यवस्था गरेको नदेखिने।

रिटमा उल्लिखित परीक्षाको सञ्चालन मिति २०७२।४।१९ देखि हुने देखिन्छ भने प्रस्तुत रिट निवेदन आज मिति २०७२।४।११ मा पेस भएको अवस्था छ । निवेदन मागबमोजिमको आदेश जारी भएको खण्डमा पनि सो आदेश विपक्षीसमक्ष कहिले तामेल हुन्छ, विपक्षी त्रिभुवन विश्वविद्यालयले यस अदालतको आदेशबमोजिम निवेदकको परीक्षाको व्यवस्थापन गर्नलाई जाँचबुझ गर्ने र रोल नं. आदि दिने काम कहिले गर्ने र कुन ठाउँ तोक्ने ठूलो प्रश्न भएको हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गरी निवेदकलाई उपचार प्रदान गर्न सम्भव नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७२ साल साउन ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७१-WO-१०३५, उत्प्रेषण / परमादेश, *चिरी महर्जनको वारेस भै आफ्नो हकमासमेत रविन्द्र अवाले वि. नारायणबहादुर कार्कीसमेत*

मुलुकी ऐन, अ.बं. १७१(क) र १७१(ख) बमोजिम हुने आदेशहरू पूर्णतः वादी प्रतिवादीको जिकिर र सम्बन्धित प्रमाण आदिको मूल्याङ्कन गरी न्यायको रोहमा सुरू जिल्ला अदालतको न्यायाधीशबाट हुने आदेश हो। सो आदेशमा केही कुरा

नमिलेको भए जिल्ला अदालतउपर पुनरावेदन सुन्ने निकाय अर्थात पुनरावेदन अदालतले सुरू आदेशलाई मुलुकी ऐन अ.बं. १७ नं. को रोहबाट सच्याई वा नसच्याई उपयुक्त आदेश गर्न सक्ने देखिन्छ । यो कुरा साधारण अधिकार क्षेत्रबाट तय हुने कुरा हो । यस्ता आदेशहरू अन्तिम आदेश नभै अन्तरकालीन आदेश हुन्छन् । यस्तो आदेशलाई मुद्दाको काम कारवाहीको सिलसिलामा सम्बन्धित अदालतले जुनसुकै बेला पनि संशोधन गर्न र मुद्दाको आवश्यकतानुसार समयानुकूल बनाउन र गर्न गराउन सक्छ । यस प्रकार साधारण अधिकारक्षेत्रअन्तर्गत नालेश दायर भै अन्तरकालिन आदेशहरू हुँदा कानूनको प्रक्रिया पूरा नभएको लगायतका कार्यविधिगत अत्यन्त गम्भीर त्रुटि भएको कारणबाट अत्यन्त अपवाद मानी असाधारण अधिकारक्षेत्रबाट पनि विचार हुन सक्ने सम्भावनालाई म अहिल्यै इन्कार गर्न चाहन्न । तर त्यस्तो सम्भावनालाई यस मुद्दामा म क्षीण देख्दछु । यसप्रकार साधारण अधिकारक्षेत्रमा नालेश दायर भै त्यसमा भएको अन्तरकालीन आदेश उक्त नालेस विचाराधीन छँदै रिट निवेदनको असाधारण अधिकारक्षेत्रबाट विचार गर्दा अधिकारक्षेत्रमा द्वन्द्व उत्पन्न हुन जान्छ । यसो गर्नु न्यायिक निश्चितता (Legal certainty) को बर्खिलाप हुन्छ । यस्तो कुरा कानूनी राज्य तथा स्वच्छ न्यायिक व्यवस्थाको लागि हानिकारक हुने ।

निवेदिकाको मागमा विचार गर्नको लागि यस अदालतले मिसिल आदि झिकाउनु पर्ने र त्यसमा वादी प्रतिवादीको प्रमाणको मूल्याङ्कनसमेत गर्नुपर्ने अवस्था रहन्छ । रिटबाट तथ्य प्रमाणको मूल्याङ्कन हुँदैन । रिटले कानूनबमोजिम स्थापित अधिकारक्षेत्रले दिएको उपचार तथा विचाराधीन मुद्दामा असर पार्ने काम गर्दैन । यसो गर्दा माथि उल्लेख भएबमोजिम अधिकारक्षेत्रमा द्वन्द्व तथा न्यायिक अनिश्चितता उत्पन्न हुनपुग्ने हुँदा व्यावहारिक हिसाबले पनि प्रस्तुत विषयमा यो रिटले हातहाल्नासाथ यावत मिसिल यस अदालतमा आउने र विचाराधिन मुद्दा मुल्तवीमा रहने तर रिट निवेदनको समयमा टुङ्गो नलागी कम्तिमा दुई देखि चार वर्ष लाग्ने हालको तथ्याङ्कको परिप्रेक्ष्यमा न्याय सम्पादन पनि ढीलो हुन पुग्ने हुँदा उल्लेख भएबमोजिमका कारणहरूले गर्दा प्रस्तुत रिट निवेदन तत्काल खारेज गर्नु पर्ने देखिन आएकाले विपक्षीहरूबाट कारण देखाउ आदेश माग गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

इति संवत् २०७२ साल असार २२ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७२-WO-०१३३, उत्प्रेषण / परमादेश, *अधिवक्ता दीपक विक्रम मिश्र वि. न्याय परिषद् सचिवालय, कुपण्डोल ललितपुरसमेत*

न्याय परिषद् न्यायाधीश नियुक्तिमा उदासिन रहेको भनी निवेदकले कुनै ठोस विश्वसनीय आधारसमेत देखाउन सकेको अवस्था पनि छैन । हचुवा एवम् मनगढन्तेरूपले न्याय परिषद्ले र न्याय परिषद्का पदाधिकारीले संविधानबमोजिमको काम नगरेकाले न्यायाधीश पद रिक्त रहन गएको र सर्वसाधारण जनतालाई न्याय प्राप्त गर्न लामो समयसम्म पर्खनु पर्ने अवस्था आएको छ भनी निवेदन दिएको छ । हालको अवस्थामा सर्वोच्च अदालतमा प्रधानन्यायाधीशलगायत १५ जना स्थायी न्यायाधीशको दरबन्दी र आवश्यकताअनुसार अस्थायी न्यायाधीश नियुक्त गर्नसक्ने अवस्था रहेको देखिएको छ । हाल सर्वोच्च अदालतमा स्थायी दरबन्दीअनुसारको न्यायाधीश सङ्ख्यासमेत रहेको अवस्था भने देखिएको छैन । निवेदकले उठाएको विषय निश्चित पनि सर्वोच्च अदालतमा न्यायाधीशहरूको अनुपातमा मुद्दाको सङ्ख्या धेरै भएको कुरामा दुईमत छैन । तथापि मुद्दाको उचित व्यवस्थापनबाट मुद्दाको सङ्ख्या कम गर्न सकिने अवस्था रहने ।

संविधानले तोकेको मापदण्डको आधारमा योग्य व्यक्तिको छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने कार्य न्याय परिषद्बाट भैरहेको छ । देशको न्यायपालिकाको प्रमुख सम्माननीय प्रधानन्यायाधीश

नै न्याय परिषद्को अध्यक्ष रहने संवैधानिक प्रावधान रहेको छ । प्रधानन्यायाधीश स्वयम्लाई जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतमा के कति मुद्दाहरू रहेका छन् । मुद्दाको अनुपातमा के कति जनशक्तिको आवश्यकता पर्दछ र त्यसको पदपूर्ति के कसरी गर्नुपर्दछ भन्ने जानकारी नहुने कुरा भएन । निवेदक अधिवक्तालाई अदालतमा न्यायाधीशको अभावको आवश्यकताको महसुस र चासो हुने तर देशको न्यायपालिका प्रमुख सम्माननीय प्रधानन्यायाधीश र न्याय परिषद्लाई सो जानकारी नै नभै सो विषयतर्फ उदासिन रहेको भनि मान्न मिल्ने अवस्था नहुने ।

अदालतमा न्यायाधीशको सङ्ख्या कम भएको अवस्थामा पनि न्याय परिषद्ले न्यायाधीशको नियुक्ति नगरेको कारण न्याय ढिलो भएको भन्ने निवेदनको जिकिरतर्फ हेर्दा न्यायाधीशहरूको नियुक्तिको विषयमा न्याय परिषद्को वेभसाइटमा सर्वोच्च अदालतको न्यायाधीश हुन चाहनु हुने योग्य र इच्छुक व्यक्तिको वायोडाटा उपलब्ध गराउन न्याय परिषद्ले बेला बखत आव्हान गरेको हुँदा न्याय परिषद्ले न्यायधीश नियुक्तिको विषयमा कार्य नगरेको भन्ने आरोपको पुष्ट्याई भएको छैन । न्यायाधीश नियुक्ति गर्दा निश्चित प्रक्रिया अवलम्बन गर्नुपर्ने भएकाले निवेदकले निवेदनमा उल्लेख गरेजस्तो गरी न्याय परिषद्बाट कार्य नभएको भन्ने होइन । तसर्थ समयको गति सँगै न्याय परिषद्को सिफारिसबमोजिम न्यायाधीश नियुक्तिको कार्य भैरहेको र यो निरन्तर चलिरहने प्रक्रिया भएकाले अदालतको आवश्यकताअनुसार न्यायाधीश नियुक्तिमा न्याय परिषद् उदासिन रहे भएको निवेदकले देखाउन सकेकोसमेत नदेखिँदा निवेदक अधिवक्ताको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकाले विपक्षीहरूबाट लिखित जवाफसमेत मगाइरहनु परेन । प्रस्तुत रिट निवेदन प्रथम दृष्टि भै लाग्न नसक्ने हुँदा खारेज हुने ।

इजलास अधिकृत: बिनोद रखाल

इति संवत् २०७२ साल भदौ १० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०९०८, उत्प्रेषण / परमादेश, *देविन्द्र महर्जनसमेत वि. मालपोत कार्यालय, कलङ्कीसमेत*

रिट निवेदकले मिति २०७१।८।४ को डोर मुचुल्काको तारिख पाएको भन्ने कुरामा रिट निवेदक साबित छन् । यस अवस्थामा मुचुल्कामा उपस्थित नगराई रोहवरमा नराखेको भन्ने निवेदकको आरोप कपोलकल्पित देखिन्छ । यस्तो तथ्यगत कुरा रिट निवेदनबाट निरोपण नहुने ।

रिट अधिकारक्षेत्र समन्यायमा आधारित अधिकारक्षेत्र हो । विवादित कि.नं. ३०९ को घरजग्गा बन्डा लाग्ने ठहरी फैसला भैसकेकामा पनि सो घरजग्गा निजी आर्जनको बन्डा नलाग्ने भएको भन्ने निवेदकको कथनबाट निज फैसलाको अनादर गर्ने व्यक्ति देखिनु भएको छ । निवेदकको यो दुश्साहस नै प्रस्तुत रिट निवेदन खारेज गर्नको लागि पर्याप्त हुने ।

रिट निवेदनको माध्यमबाट यस अदालतले प्रक्रियागत त्रुटि अर्थात कुनै कानूनको पालना नगर्नु, सुनवाईको मौका नदिनु, बुझ्नु पर्ने प्रमाण नबुझ्नु, प्रवृत्त भावना राख्नु जस्ता विषयवस्तु पालन भए नभएको कुरा मात्र हेर्छ । सोबाहेक मिसिलमा प्रवेश गरी प्रमाण बुझि विवादको ठहर निर्णय गर्न सक्दैन । सो आधारमा हेर्दा बन्डा लाग्ने सम्पत्ति घटी बढी पारेको नदेखिएको नरम करम मिलाई गोलाबाट तर्फ छुट्याई बन्डा भएको देखिन्छ । त्यसरी बन्डा गर्दा दिशा आदि फरक पर्नु र घाम हावाको दिशा परिवर्तन स्वाभाविक हुन्छ । तर यत्तिकै कारणबाट मात्र तीन तीन तहबाट परीक्षण भएको बन्डा मुचुल्कालाई बदर गर्नु न्यायोचित नदेखिँदा रिट निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

जहाँसम्म प्रस्तुत फैसलाउपर परेको दोहोर्‍याई पाउँ भन्ने निवेदनको अन्तिम टुङ्गो नलागी फैसला कार्यान्वयन गर्न मिल्दैन भन्ने निवेदन जिकिर छ त्यस्तो कुनै कानूनी व्यवस्था रहेको पाइँदैन । मुद्दा र फैसलाको समिक्षा गरेर फैसला कार्यान्व्यनको

स्थगन हुन नसक्ने होइन। तर प्रस्तुत विवादमा त्यस्तो अपवादको अवस्थाको विद्यमानता नदेखिने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार ६ गते रोज १ शुभम्।

## रीत / बेरीत आदेश

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RE-०००६, लागु औषध, *देवीलाल गिरीसमेत वि. नेपाल सरकार*

यसमा बरामदी मुचुल्का, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिति बयानसमेतका तत्काल प्राप्त प्रमाणका आधारमा यी निवेदक प्रतिवादीहरू देवीलाल गिरी, वीरबहादुर खड्का, मोतिलाल वली र खड्गबहादुर खड्कालाई मुद्दा पुर्पक्षका निमित्त थुनामा राख्ने गरेको त्यस अदालतको मिति २०७१।५।२३ को आदेश सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७१।१२।१२ को आदेश अन्यथा नदेखिँदा परिवर्तन गरिरहनु नपर्ने।

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RE-००५०, कर्तव्य ज्यान, *डम्बरबहादुर शाह वि. नेपाल सरकार*

यसमा यी रिट निवेदक प्रतिवादी डम्बरबहादुर शाह अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत कसुरमा स्पष्टरूपमा इन्कार रहेको देखिएको र निजउपर कसैको पोलसमेत नभएको अवस्थामा निजको संलग्नता नदेखिएको भन्ने कुरा उल्लेख गर्दागर्दै पनि पुर्पक्ष निमित्त थुनामा राख्ने गरेको सुरू कैलाली जिल्ला अदालत, मिति २०७२।३।२० को आदेश कायम राखेको पुनरावेदन अदालत, दिपायल मिति २०७२।४।२८ को आदेश मिलेको नदेखिएकाले बदर हुने ।

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RE-००२७, वैदेशिक रोजगार, *अप्सरा श्रेष्ठ वि. नेपाल सरकार*

यसमा यी निवेदक प्रतिवादी अप्सरा श्रेष्ठले प्राप्त रकम बैंकमा जम्मा भएको समेतका कुरा स्वीकार गरेको भन्ने आधारमा पुर्पक्षका निमित्त थुनामा राख्ने गरेको त्यस न्यायाधिकरणको मिति २०७१।१२।२३ को आदेश परिवर्तन गर्नुपर्ने कुनै आधार विद्यमान नदेखिने।

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-RE-०२६२, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *गुड्डु गोइत वि. नेपाल सरकार*

यसमा प्रतिवादी गुड्डु गोइत अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुरमा साबित भइरहेको देखिएको एवम् प्रतिवादीले मृतकलाई गोली प्रहार गरेको देख्ने जान्ने व्यक्ति एवम् भौतिक प्रमाणसमेतका भरपर्दो आधार प्रमाणको अभाव देखिँदा निजलाई पुर्पक्षका निमित्त थुनामा राख्ने गरी भएको त्यस अदालतको मिति २०७१।६।२३ को आदेश सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।११।१४ को आदेश मिलेको नदेखिँदा बदर हुने।

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RE-००५२, ००५१, अपहरण तथा शरीर बन्धक, *मिलन श्रेष्ठ वि. नेपाल सरकार, विजय रायमाझी वि. नेपाल सरकार*

प्रतिवादी मिलन श्रेष्ठले जाहेरवालाको घर देखाई सहयोग गरेको भन्ने भए पनि निज अपहरण गर्ने मतलबमा पसेको भन्ने तथ्य खुल्न आएको

देखिएको छैन । निज प्रतिवादी मिलन श्रेष्ठ अपहरण गर्ने गराउने कार्यमा संलग्नता भएको भन्ने तथ्य पुष्टि नभएको अवस्थामा निजको हकमा पुर्पक्ष निम्ति थुनामा राख्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२।३।३१ को आदेश मिलेको नदेखिँदा बदर हुने। अन्य प्रतिवादीहरूको हकमा तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राखी कारवाही गर्ने गरेको पुनरावेदन अदालतको मिति २०७२।३।३१ को आदेशमा परिवर्तन गर्नुपर्ने नदेखिने।

इति संवत् २०७२ पुस २९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RE-०१२१, निषेधाज्ञा, *माई भ्याली हाइड्रोपावर प्रा.लि.का अख्तियारप्राप्त सन्तोषकुमार प्रधान वि. नेपाल विद्युत् प्राधिकरण, दरबारमार्ग काठमाडौंसमेत*

यसमा निवेदक र विपक्षी नेपाल विद्युत् प्राधिकरण बिच मिति २०६८।१२।२३ मा भएको विद्युत् खरिद बिक्रीसम्बन्धी सम्झौतामा दफा २८.१५ र २८.१६ मा उल्लिखित प्रक्रिया पूरा नगरी परफरमेन्स जमानत जफत भएको देखिँदा त्यस अदालतबाट मिति २०७२।८।१७ मा भएको आदेश रीतपूर्वकको नहुँदा बदर हुने।

अब प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म त्यस अदालतको एकल इजलासबाट मिति २०७२।८।१० मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिई कानूनबमोजिम गर्ने।

इति संवत् २०७२ साल पुस २० गते रोज २ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WO-०४५४, उत्प्रेषण, *मोहन विक्रम पोखरेल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

निवेदकले विवाद उठाएको २०७२।५।३१ को निर्णय यसै अदालतबाट मिति २०६७।१०।२७ रिट नं. ०६४-WO-०९३२ को उत्प्रेषण / परमादेशको मुद्दामा भएको आदेशको प्रतिकूल देखिँदा सो आदेशले इङ्गित गरेको व्यवस्थाभन्दा भिन्न तरिकाले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(छ) बमोजिम जग्गा बाँडफाँट गरी मोही लगत कट्टा गर्ने गरेको उक्त २०७२।५।३१ को निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल पुस २० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WO-०४५८, उत्प्रेषण, *मु.स. गर्ने बन्देज घिमिरे वि. काठमाडौं जिल्ला अदालतसमेत*

यसै अदालतको मिति २०७२।८।६ को आदेशको पालनासँग सम्बन्धित देखिन आएको र विवादित कि.नं. ३१०, २००, २०१, ३०५, ५५५ र ७५४ को जग्गा हाल हक हस्तान्तरण नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल पुस २० गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WO-०४६५, परमादेश, *बालजी पाण्डेयसमेत वि. नेपाल सरकार*


निवेदकहरूले साबिकदेखि गर्दै आएको कार्यलाई रोक् लगाउनु पर्ने उपयुक्त आधार र कारणबिना नै खाइपाई आएको तलबसमेत रोक्ने गरेको कार्यबाट निवेदकलाई अपूरणीय क्षति पुग्न गएको देखिँदा नियुक्ति पाएका शिक्षकहरूको हकमा कानूनबमोजिमको निर्णय नगरी नहटाउनु भनी सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल पुस २० गते रोज २ शुभम्।

## अदालत गतिविधि

### नयाँ संविधानको कार्यान्वयनमा देखिएका चुनौतीहरू विषयक अर्न्तक्रिया कार्यक्रममा सहभागिता

मिति २०७२ साल पुस ३ गते न्याय परिषद्को २५ औं स्थापना दिवसको अवसरमा आयोजित **नयाँ संविधानको कार्यान्वयनमा देखिएका चुनौतीहरू** विषयक अर्न्तक्रिया कार्यक्रमको प्रमुख अतिथ्यता सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यूबाट भएको थियो । सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू, माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री, महान्यायाधिवक्ता, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट न्याय परिषद् बुलेटिनको लोकार्पण भएको थियो। सम्माननीय प्रधानन्यायाधीशज्यूबाट अन्तरक्रियामा उठेका विषयवस्तुहरू तथा कार्यक्रमको सान्दर्भिकताका सम्बन्धमा प्रकाश पार्दै नँया संविधानमा न्यायापालिकामा देखिएका समस्याको पहिचानको आलोकमा समाधान खोजिनु पर्ने, संक्रमणकालको समयमा न्यायपालिका टिके पनि अहिले न्यायापालिकामा समस्याको पहाड देखिन थालेको सत्यतामाथि प्रकाश पार्दै देखिएका समस्याको समाधानको लागि सरोकारवाला सबैले मिलेर काम गर्नुपर्ने, संविधानको अधीनमा रहेर रचनात्मक ढङ्गले काम गर्नुपर्ने जस्ता कुराहरूमा जोड दिनुभयो । उँहाले परिषद्को स्थापनाको सन्दर्भ जोड्दै न्याय परिषद्को व्यवस्था राखिनु पूर्व प्रधानन्यायाधीशको हाली मुहाली (Hegemony) चल्ने गरेको र २०४७ सालको संविधानले यसलाई तोडे पनि जन्मकाल देखि परिषद्ले विभिन्न आरोह



अवरोह व्यहोरेकोले आलोचनाबाट नै न्याय परिषद्को संस्थागत विकास भएकाले हामीले त्यसमा गर्व गर्नुपर्ने अवस्था रहेको कुरा औंल्याउनु भयो ।

मन्तव्यका क्रममा सम्माननीयज्यूबाट भूकम्पले हल्लाएको पूर्वाधार र संविधानले दिएको चुनौती हल गर्न जरूरी रहेको र यी समस्याहरूको मौकैमा सहज समाधान गर्नुपर्ने कुरामा सबै सरोकारवाला निकायहरूको ध्यान जानु जरूरी रहेको कुरामा जोड दिँदै उक्त अन्तरक्रिय कार्यक्रमको सक्रिय सहभागीताका लागि उपस्थित सबैलाई धन्यवाद दिनुभएको थियो ।

## संवैधानिक कानून व्यवसायी मञ्चद्वारा आयोजित कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूको सहभागिता

संवैधानिक कानून व्यवसायी मञ्चद्वारा मिति २०७२ साल पुस २४ गते आयोजित संविधान संवाद र संविधानका विवादित अन्तर्वस्तु विषयक पुस्तकको लोकार्पण सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यूबाट भएको थियो । कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूले प्रकाशित पुस्तकले संविधान र संवैधानिक प्रावधानका विविध विषयवस्तु समेटि तयार भएका ती पुस्तकमा संविधानका महत्त्वपूर्ण आलेख र अभिलेखको रूपसमेत समेटिएको उल्लेख गर्दै प्रस्तुत पुस्तक संविधानका स्रोत सामग्रीको रूपमा रहेको, संविधान, संवैधानिक पद्धतिका लागि, संविधानको सक्रिय कार्यान्वयनका लागि र संविधानका बारेमा रूची राख्ने पाठक, कानून व्यवसायी, प्राध्यापक, कानूनकर्मीलगायत सर्वसाधारणलाई सो पुस्तकले सहयोग पुर्‍याउने बताउनु भयो ।



## मेलमिलाप परिषद्मा नवनियुक्त अध्यक्षको स्वागत तथा निवर्तमान अध्यक्षको विदाई कार्यक्रम

मेलमिलाप परिषद्को आयोजनामा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूलाई न्याय परिषद्को सिफारिसमा मेलमिलाप परिषद्का अध्यक्ष तोकिनु भई नेतृत्व लिनु भएकोमा उहाँलाई मेलमिलाप परिषद्मा हार्दिक स्वागत गर्ने तथा सर्वोच्च अदालतका माननीय न्यायाधीशबाट उमेर हदका कारण मिति २०७२ साल पुस २० गते सोमबार देखि सेवा निर्वृत हुनुभएका मेलमिलाप परिषद्का प्रथम अध्यक्ष गिरीश चन्द्र लालज्यूलाई मेलमिलाप परिषद्का अध्यक्षका हैसियतमा पुर्‍याउनुभएको नेतृत्वदायी भूमिकाको उच्च मुल्याङ्कन गर्दै उहाँको निवृत जीवन सुखमय रहोस भन्ने शुभकामनाका साथ विदाईको कार्यक्रम मिति २०७२।०९।२७ गते सम्पन्न भयो।

